# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १०२ | काठमाडौं | सोमबार, १८ साउन २०८३ | Prabhab National Daily | Monday, 03 August 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


# नेपाल-चीन सम्बन्धमा नयाँ तनावको संकेत

- नेपाल-चीन सम्बन्धमा नयाँ तनावको संकेत
- एक चीन नीतिमाथि प्रश्न उठ्न थाल्यो
- आइएटिएस सम्मेलनप्रति चीनको आपत्ति
- दलाई लामा समर्थक प्रतिनिधिको सहभागिता रोकियो
- नामग्याल गुम्बामा जन्मजयन्तीलाई सरकारी अनुमति
- रिन्पोछेको नेपाल भ्रमणमा सरकारी सुरक्षा
- एभरेस्ट फेस्टिभलमा ताइवानी झण्डा प्रदर्शन
- प्रधानमन्त्री शाहलाई दलाई लामाबाट शुभकामना
- चीनमा नेपालप्रति संशय बढ्दै
- जेन-जी विद्रोहपछि तिब्बती गतिविधि बढेको दाबी

■ **जेबी योञ्जन**



**काठमाडौं–** नेपाल-चीन सम्बन्धमा नयाँ तनावको संकेत देखिएको भन्दै कूटनीतिकवृत्तबाट चिन्ता प्रकट हुन थालेको छ । नेपालले अवलम्बन गर्दै आएको 'एक चीन नीति'माथि प्रश्न उठ्नेगरी सरकारबाट भएका एकपछि अर्को घटनाले तनावको संकेत दिएको हो ।

चीनका लागि पूर्वनेपाली राजदूत विष्णुपुकार श्रेष्ठका अनुसार नेपालले आफ्ना गतिविधि तत्काल सच्याउनुपर्छ । नभए नेपाल भूराजनीतिक जटिलतामा फस्ने उनको चेतावनी छ । 'चीनको स्वार्थविपरीत नेपाल अघि बढेको देखिन्छ, यसमा चीनको चासो बढेको छ,' श्रेष्ठले प्रभावसँग भने, 'यस्तै भए नेपाल भूराजनीतिक जटिलतामा फस्ने जोखिम बढ्न सक्छ ।'



> "चीनको स्वार्थविपरीत नेपाल अघि बढेको देखिन्छ, यसमा चीनको चासो बढेको छ । यस्तै भए नेपाल भूराजनीतिक जटिलतामा फस्ने जोखिम बढ्न सक्छ ।"
>
> ■ **विष्णुपुकार श्रेष्ठ**
> चीनका लागि पूर्वराजदूत

हालै चीन भ्रमणमा गएका परराष्ट्रमन्त्री शिशिर खनालसँग चिनियाँ विदेशमन्त्री वाङ यीले 'टाढाको आफन्तभन्दा नजिकको छिमेकी महत्त्वपूर्ण हुन्छ' भन्ने सन्देश दिएका थिए । उनले अमेरिका कित्तामा नेपाल उभिएको अर्थमा त्यसो भनेको कूटनीतिज्ञहरूको विश्लेषण छ ।

उनीहरूको भनाइमा यसलाई सामान्य औपचारिक भनाइभन्दा पनि नेपालप्रति चीनको चासोको रूपमा व्याख्या गरेका छन् । पछिल्लो घटनाक्रमप्रति बेइजिङ असन्तुष्ट रहेको सन्देश यसबाट प्रवाह भएको उनीहरूको बुझाइ छ । पछिल्ला आठ गतिविधिले नेपालसँग चीन चिढिएको राजनीतिक विश्लेषक झलक सुवेदी बताउँछन् । उनले नेपालमा हुन लागेको इन्टरनेसनल एसोसिएसन फर टिबेटन स्टडिज (आइएटिएस) सम्मेलनलाई लिएर पछिल्लोपटक चीन रुष्ट छ ।

जहाँ तिब्बती केन्द्रीय सरकारका नाममा दलाई लामासमर्थक प्रतिनिधिलाई सहभागी गराउने तयारी भएको थियो । बेइजिङको चासोपछि आयोजक पक्षले उनीहरूलाई औपचारिक सहभागी नगराउने निर्णय गरेको छ । तर, यो घटनाले नेपालभित्र भइरहेका तिब्बतसम्बन्धी गतिविधिमाथि चीनको निगरानी बढेको गरेको विश्लेषण गरिएको छ ।

त्यसअघि काठमाडौंस्थित नामग्याल गुम्बामा दलाई लामाको जन्मजयन्ती पहिलोपटक गृह प्रशासनको औपचारिक स्वीकृतिमा मनाइएको थियो । नेपाल सरकारले अनुमति दिएको यो पहिलो घटना भएको दाबी गरिएको छ । कार्यक्रममा विभिन्न पश्चिमी मुलुकका कूटनीतिज्ञहरूको उपस्थिति पनि थियो । यसले धार्मिक कार्यक्रमभन्दा बाहिर राजनीतिक सन्देश दिएको बुझाइ चीनले बनाउन सक्ने अवस्था सिर्जना गरेको छ ।

यसअघि जेन-जी विद्रोहलगत्तै दलाई लामा समर्थक रिन्पोछे नेपाल आएका थिए । उनको सुरक्षाका लागि सरकारी संयन्त्र परिचालन गरिएको थियो ।

क्रमशः पृष्ठ २ मा

विभाजनको संघारमा कांग्रेस

# शशांकको नेतृत्वमा 'राष्ट्रिय कांग्रेस' खोल्ने इतरपक्षको तयारी

- सभापतिमा डा. शेखर कोइरालालाई अघि सारे पनि उनको सहमतिमा डा. शशांक कोइरालालाई अघि बढाउनेगरी अघि बढ्यो संस्थापनइतर पक्ष
- इतरपक्षले पार्टी फुटाउने तयारी गरेपछि संस्थापनले साउन २४ गतेका लागि बोलायो केन्द्रीय समिति बैठक
- पार्टी फुटबाट रोक्न नैनसिंह महरसहितका युवाले साउन २० गते एकता भेला आयोजना गर्दै

■ **प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल कांग्रेस विभाजनको संघारमा पुगेको छ । सभापति गगन थापाले एकताको कुनै छनक नदिएको भन्दै संस्थापनइतर पक्षले समानान्तर समिति बनाउने तयारी गरेको छ । पूर्वसभापति शेरबहादुर देउवाको साथ लिएर इतरपक्षले नयाँ कार्यसमिति गठनको तयारी गरेको हो ।

नयाँ कार्यसमितिको नेतृत्वमा डा. शशांक कोइरालालाई अघि बढाउनेगरी इतरपक्ष अघि बढेको छ । सुरूमा डा. शेखर कोइरालालाई अघि सारे पनि उनको सहमतिमा शशांकलाई अघि बढाउन लागिएको बताइएको छ । शनिबारमात्र इतरपक्षले शशांकको कमाण्डमा राष्ट्रिय भेला आयोजक समिति गठन गरेको छ ।

कूल ५५१ सदस्यीय समितिमा १४औं महाधिवेशनका अधिकांश पदाधिकारी सदस्य रहेका छन् । शशांकको निजी सचिवालयका अनुसार साउन २९ गतेको राष्ट्रिय भेलासम्ममा गगन नेतृत्वले सहमतिको खाका नबनाए नयाँ दल जन्मने छ । उक्त दलको नाम राष्ट्रिय कांग्रेस रहने र नेतृत्वमा शशांक रहने उनको निजी सचिवालय स्रोतले बतायो । 'नेताहरूले उहाँलाई प्रस्ताव गर्नुभएको हो । बृहत् एकता नभए उहाँ नेतृत्वका लागि राजी हुनुहुन्छ,' उनको सचिवालयले भन्यो ।

शनिबार भेला आयोजक समिति गठनबारे जानकारी दिन चुनदेवीस्थित सम्पर्क कार्यालयमा गरिएको पत्रकार सम्मेलनमा शशांकले आफूलाई शेखरको साथ रहेको दाबी गरे । उक्त कार्यक्रममा शेखरको अनुपस्थितिपछि सञ्चारकर्मीले सोधेको प्रश्नमा शशांकले भने, 'शेखर दाइसँग मैले पटक-पटक अनुरोध गरेँ । तर उहाँ व्यस्त भएकोले आउनुभएन । मेरो सहमति छ भन्नुभएको छ ।'

कांग्रेस संस्थापनइतरको युवा समूहले भने पछिल्लो परिस्थितिअनुसारको युवा नेतृत्व चाहिने माग अघि सारेको छ । यसका लागि सभापतिमा एनपी साउद तयार रहेको देउवापक्षकै नेताहरू बताउँछन् ।

क्रमशः पृष्ठ २ मा

## एकताका लागि महरको प्रयास



कांग्रेस फुटतिर जाने संकेत पाएपछि निवर्तमान केन्द्रीय सदस्य नैनसिंह महरले यसलाई रोक्न बुधबार एकता भेला गर्ने भएका छन् । आफूसहित ३५ जना निवर्तमान केन्द्रीय सदस्यलाई पार्टीको केन्द्रीय सदस्य घटाएर भए पनि एकता गर्न महरले चाहेको बताएका छन् ।

आइतबार 'देश र कांग्रेस जोड्ने अभियान' बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा उनले १४औं महाधिवेशनबाट केन्द्रीय सदस्य रहेका तर विशेष महाधिवेशनबाट आएको कार्यसमितिभन्दा बाहिर रहेका १११ जनामध्ये ३५ जना केन्द्रीय सदस्य नबनेर पार्टी एकताका लागि तयार रहेको बताएका छन् ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# खाडी मुलुकमा बढ्दो 'हिट स्ट्रेस' को जोखिममा नेपाली श्रमिक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** जलवायु परिवर्तनले विश्वभरको औसत तापक्रम लगातार बढिरहँदा यसको प्रत्यक्ष असर श्रमबजारमा देखिन थालेको छ । ४५ देखि ५० डिग्री सेल्सियस तापक्रम पुग्ने खाडी मुलुकमा काम गर्ने लाखौं नेपाली श्रमिक 'हिट स्ट्रेस' अर्थात् अत्यधिक गर्मीका कारण शारीरिक तथा मानसिक तनावको जोखिममा परिरहेका छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओले)ले केही समयअघि सार्वजनिक गरेको 'हिट एचाट वर्कः इम्प्लिकेसन फर सेफ्टी एण्ड वर्क' प्रतिवेदनमा जलवायु परिवर्तनका कारण कार्यस्थलमा गर्मीको जोखिम तीव्र बन्दै गएको उल्लेख गरेको थियो । प्रतिवेदनका अनुसार अत्यधिक तापक्रमले श्रमिकमा हिट एक्सहस्टन, हिट स्ट्रोक, डिहाइड्रेसन, मिर्गौलाको दीर्घरोग, मुटुसम्बन्धी समस्या तथा कार्यस्थल दुर्घटनाको जोखिम बढाउँछ ।



*एआईको सहयोगमा तयार पारिएको प्रतीकात्मक तस्बिर*

> अन्तर्राष्ट्रिय श्रम संगठनका अनुसार विश्वभर करिब ७० प्रतिशत श्रमिक कुनै न कुनै समयमा अत्यधिक गर्मीको जोखिममा काम गर्न बाध्य हुने गरेका छन् । तापक्रम बढ्दै जाँदा श्रमिकको कार्यक्षमता घट्नेमात्र होइन, स्वास्थ्य जोखिम र कार्यस्थल दुर्घटनासमेत बढ्ने देखिएको छ ।

नेपालबाट वैदेशिक रोजगारीमा जाने अधिकांश श्रमिक साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स (युएई), कुवेत, ओमान र बहराइनमा रहेका छन् । यी देशहरू विश्वकै सबैभन्दा तातो क्षेत्रमध्ये पर्छन् । सो क्षेत्रमा १७ लाखभन्दा बढी नेपाली श्रमिक कार्यरत रहेको परराष्ट्र मन्त्रालयको तथ्यांक छ । उनीहरू निर्माण, सडक, सुरक्षा, सफाइ, कृषि तथा डेलिभरी सेवालगायत बाहिर गरिने काममा बढी आबद्ध भएका पाइन्छन् । यस्ता कामहरूमा गर्मीको प्रत्यक्ष प्रभाव पर्ने भएकाले नेपाली श्रमिकहरू बढ्दो तापक्रमको मारमा पर्ने गरेका छन् ।

क्रमशः पृष्ठ २ मा

## मलेसिया रोजगारीमा पुनः सिण्डिकेटको प्रयासप्रति तामाङ व्यवसायी समाजको ध्यानाकर्षण

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार तामाङ व्यवसायी समाजले मलेसियाको वैदेशिक रोजगार क्षेत्रमा पुनः सिण्डिकेट (एकाधिकार) कायम गर्ने प्रयास भइरहेको भन्दै गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । समाजका अध्यक्ष मोहन स्याङ्बा र महासचिव लिल पाखिन तामाङद्वारा आइतबार जारी प्रेस विज्ञप्तिमा केही सीमित व्यवसायीहरूको स्वार्थअनुकूल निर्णय गराई राज्यका निकायहरूलाई प्रभावमा पारेर सिण्डिकेट लगाउन खोजिएको भन्दै आपत्ति जनाइएको छ ।

विज्ञप्तिअनुसार हाल नेपालमा करिब एक हजार १०० भन्दा बढी इजाजतपत्र प्राप्त म्यानपावर कम्पनीहरू सञ्चालनमा रहेका छन् । तर एफडब्लुसिएमएस वा अन्य कुनै संयन्त्रको बहानामा सीमित म्यानपावरलाई मात्रै मलेसिया कामदार पठाउने अधिकार दिने अभ्यास दोहोरिन खोजेको विज्ञप्तिमा उल्लेख छ ।

सिण्डिकेट वा एकाधिकार कायम भएमा बजारमा पारदर्शी र खुला प्रतिस्पर्धाको वातावरण समाप्त हुने समाजको भनाइ छ । मलेसिया जाने गरिब तथा सोझासाझा नेपाली श्रमिकहरूबाट अतिरिक्त रकम असुलिने र ठगी बढ्ने जोखिम रहने, साना तथा मझौला म्यानपावर व्यवसायीहरूलाई योजनाबद्ध रूपमा व्यवसायबाटै विस्थापित गरिने पनि चेतावनी दिइएको छ । समाजले कानुनी व्यवस्था र श्रम सम्झौताअनुसार चल्न आग्रह गरेको छ ।

क्रमशः पृष्ठ २ मा


## प्रेस विज्ञप्ति

यस इन्डस्ट्रियल ट्रेनिङ इन्स्टिच्युट नेपाल प्रा. लि. (ITI) को ध्यान पछिल्लो समय विभिन्न अनलाइन सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमार्फत Skill Verification Program (SVP) सम्बन्धमा भ्रामक, आधारहीन तथा संस्थाको प्रतिष्ठामा आँच पुर्‍याउने उद्देश्यले प्रकाशित/प्रसारित सामग्रीप्रति गम्भीर रुपमा ध्यानाकर्षण भएको छ।

यस संस्थाले स्पष्ट गर्न चाहन्छ कि कामदार सग कुनै शुल्क संकलन वा असुली गरेको छैन । इन्डस्ट्रियल ट्रेनिङ इन्स्टिच्युट नेपाल प्रा. लि. (ITI) र Skill Verification Program (SVP) लाई जोडेर फैलाइएका आरोपहरु पूर्ण रुपमा निराधार, भ्रामक र संस्थाको छवि धूमिल पार्ने उद्देश्यबाट प्रेरित छन् ।

विशेष गरी Sai Vision Digital P Ltd. ले बिभिन्न इमेल प्रयोग गरी SVP लाई जोडेर बिभिन्न म्यानपावर एजेन्सि तथा ब्यात्तिहरूलाई गलत र भ्रामक सुचना पठाएको आधारमा यस इन्डस्ट्रियल ट्रेनिङ इन्स्टिच्युट नेपाल प्रा. लि. (ITI) लाई लक्षित गरी विभिन्न समाचार तथा सामग्री प्रकाशितरप्रसारित गरिएकोप्रति हाम्रो गम्भीर आपत्ति रहेको छ । साथै उक्त Sai Vision Digital P Ltd. यस सस्था सग कुनै सम्बन्ध नरहेको समेत स्पष्ट पार्दछौ । यस्ता आधारहीन प्रचार/प्रसारले संस्थाको प्रतिष्ठामा क्षति पुयाएको हुँदा सम्बन्धित निकायमार्फत सत्यतथ्य छानबिन गरी दोषीमाथि कडा भन्दा कडा कानुनी कारबाही गर्न हामी सम्बन्धित निकायसँग माग गर्दछौं ।

साथै, सम्पूर्ण सञ्चारमाध्यम तथा सर्वसाधारणमा आधिकारिक स्रोतबाट पुष्टि नभएका भ्रामक समाचार वा अफवाहमा विश्वास नगर्न तथा सत्यतथ्यका आधारमा मात्र समाचार सम्प्रेषण गर्न हार्दिक अनुरोध गर्दछौं।

**अबु सुफायन खान मु.**
अध्यक्ष

**Industrial Training Institute Nepal Pvt. Ltd. (ITI)**
Tokha-7 Dhapasi, Kathmandu, Nepal
Tel: +97715927543, Email: itiarkan@gmail.com

# एक वर्षमा विदेशमा ज्यान गुमाएका १३ जनाको शव नेपाल ल्याइयो

**चितवन–** भरतपुर महानगरपालिकाको रोजगार तथा उद्यमशीलता विभागले गत आर्थिक वर्षमा विदेशमा ज्यान गुमाएका १३ जनाको शव नेपाल ल्याएको छ । श्रम स्वीकृति लिएर वैदेशिक रोजगारमा गएकाहरूको निधनपछि प्रक्रिया पूरा गरी शव नेपाल ल्याइएको हो ।

विभागका प्रमुख सन्देश वाग्लेका अनुसार भरतपुर महानगरपालिकाका बासिन्दा श्रम स्वीकृति लिएर गएकाहरूको विदेशमा निधनपछि निःशुल्क शव नेपाल ल्याइएको हो । उनीहरूको शव कुवेत, युनाइटेड अरब इमिरेट्स (युएई), कतार, साउदी अरब र पोर्चुगलबाट नेपाल ल्याइएको हो । हृदयाघात भएर, आत्महत्या, दुर्घटनामा परेरलगायत कारणले उनीहरूको मृत्यु भएको थियो ।

प्रमुख वाग्लेका अनुसार विदेश जानुअघि महानगरपालिका वा नेपाल सरकारको कुनै आधिकारिक निकायबाट श्रम स्वीकृति लिएर गएकाहरूको शव महानगरले झिकाउने गर्दछ । श्रम स्वीकृतिका क्रममा निजहरूको स्वास्थ्य बिमा गर्ने गरिन्छ । वैदेशिक रोजगार बोर्डले निजहरूबाट कल्याणकारी कोषमा पनि रकम राख्ने गर्दछ । यसरी श्रम स्वीकृत गर्दा कल्याणकारी कोषका लागि प्रतिव्यक्ति एक हजार ५०० रूपैयाँ र म्यादी जीवन बिमाका लागि उमेरअनुसार दुई हजार ५०० देखि नौ हजार रूपैयँसम्म शुल्क लाग्ने गर्दछ । यो शुल्क दुई वर्षका लागि हुने गर्दछ । यसरी कोषमा रकम जम्मा गरेको र बिमा गरेकाको निधन भएमा उनीहरूको परिवारले वैदेशिक रोजगार बोर्डबाट प्रतिव्यक्ति १० लाख रूपैयाँ र बिमाबाट १४ लाख रूपैयाँ पाउने गर्दछन् । यसैगरी, आश्रित परिवारको अध्ययनका लागि छात्रवृत्तिका लागि कक्षा ८ सम्म वार्षिक १२ हजार रूपैयाँ र कक्षा ८ देखि १२ सम्मलाई वार्षिक १६ हजार रूपैयाँ उपलब्ध गराइने प्रमुख वाग्लेले जानकारी दिए ।

श्रम स्वीकृत भएर विदेशमा रहेकाहरूको परिवारका सदस्य जटिल बिरामी परेमा पनि बिरामीको प्रकृति हेरेर उपचार खर्च बोर्डले दिने गरेको प्रमुख वाग्ले बताउँछन् । बिरामी भई कागजात पेस गरेका चार जनालाई यहाँबाट सिफारिस गरी उपचार खर्च दिलाइएको छ । हालसम्म चार लाखदेखि सात लाख रूपैयाँसम्म उनीहरूले पाएको उनले जानकारी दिए । जटिल रोगका बिरामीले खर्चका आधारमा बोर्डले रकम उपलब्ध गराउँदै आएको छ । कार्यालयले श्रम स्वीकृत गरेर गएका र विदेशमा अलपत्र परेकाहरूको उद्धार गर्ने गरेको छ । परिवारले आग्रह गरेर गत वर्ष भरतपुरका दुई जनाको उद्धार गरिएको थियो । प्रमुख वाग्लेका अनुसार एक जनाको झै-झगडामा परेर प्रहरीले नियन्त्रणमा लिएपछि उद्धार गरिएको हो भने अर्को एक जना मादक पदार्थ बिक्री गरेको अभियोगमा पक्राउ परेकाको उद्धार गरिएको छ ।

गत वर्ष शव झिकाइएकाको परिवारले सोहीअनुसारको रकम पाएको उनले बताए । कतिपयलाई महानगरपालिकामा श्रम स्वीकृतिका सबै काम हुन्छन् भन्ने जानकारी नहुँदा काठमाडौं जाने गरेको भन्दै उनले यससम्बन्धी जानकारी सबैमा हुनु आवश्यक रहेको बताए । जहाँबाट श्रम स्वीकृति गरेको भए पनि भरतपुर महानगरवासीलाई कुनै समस्या श्रममा जाँदा परेमा सहजीकरण गर्ने काम महानगरले गरिरहेको छ । *रासस*

# धनुषामा जारी निषेधाज्ञा आज बिहानदेखि हटाइने

**जनकपुरधाम (प्रस)–** जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम उपमहानगरपालिकालगायत क्षेत्रमा जारी गरिएको निषेधाज्ञा आज बिहानदेखि हटाइने भएको छ । प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलद्वारा जारी सूचनाअनुसार आज (सोमबार) बिहान ५:०० बजेदेखि निषेधाज्ञा पूर्णरूपमा हटाइने भएको हो । स्थानीय प्रशासनले साउन १६ गते शनिबार बिहान १०:०० बजेदेखि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम निषेधाज्ञा जारी गरेको थियो ।

प्रशासनले आन्दोलनरत पक्षले आफ्ना सबै आन्दोलनका कार्यक्रम फिर्ता लिएको, जिल्लाको सुरक्षा अवस्था सामान्य बन्दै गएको तथा जनजीवन क्रमशः सामान्यीकरणतर्फ उन्मुख भएको जनाएको छ । पछिल्लो सुरक्षा अवस्थाको समीक्षा तथा जिल्ला सुरक्षा समितिको बैठकको निर्णयका आधारमा उक्त निषेधाज्ञा हटाउने निर्णय गरिएको सूचनामा उल्लेख छ । जिल्ला प्रशासन कार्यालयले निषेधाज्ञा हटाइएपछि नागरिकलाई शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्दै दैनिक गतिविधि सञ्चालन गर्न आग्रह गरेको छ । प्रशासनको निर्णयसँगै जनकपुरधाम क्षेत्रमा यातायात, व्यापार तथा अन्य सार्वजनिक गतिविधि सहजरूपमा सञ्चालन हुने विश्वास छ ।

पृष्ठ १ बाट क्रमशः

## शशांकको...

'पूर्वसभापति शेरबहादुर देउवा एनपी साउद दाइलाई सभापति दिन तयार हुनुभएको छ । युवा नै नेतृत्व बन्ने ट्रेन्ड रहेकोले साउद सभापतिका लागि योग्य पात्र हुन्,' देउवानिकट एक नेताले भने ।

साउद नेतृत्व सम्हाल्न तयार रहेको उनी निकट नेताहरू बताउँछन् । देउवा समूहका साउद पछिल्लो समय शेखर समूहमा सक्रिय थिए । इतरपक्षमा प्रचार विभागको जिम्मेवारी पाएका नेता मिन विश्वकर्माका अनुसार राष्ट्रिय भेलामा पूर्वसभापति देउवा पनि आइपुग्ने छन् । उनको संरक्षकत्वमा नयाँ पार्टी घोषणा हुने र पार्टीको चिह्न शंख राख्नेगरी सहमतिको खाका तयार रहेको नेताहरू बताउँछन् । संस्थापनइतरले भेलामा आफूपक्षका महासमिति सदस्य र महाधिवेशन प्रतिनिधिहरू डाक्ने भएको छ ।

साउन ५ गते एक वक्तव्य जारी गरी देउवाले छिट्टै नेपाल फर्कने बताएका थिए । इतर समूहले राष्ट्रिय भेलालाई सफल बनाउन देशभर १६५ वटा निर्वाचन क्षेत्रमा केन्द्रीय प्रतिनिधि खटाउने निर्णय गरेको छ । संस्थापन पेलेरै जाने देखेपछि पूर्वउपसभापति खड्काको नेतृत्वमा देउवापक्ष र शेखरपक्ष संघर्षमा उत्रेका हुन् ।

राष्ट्रिय भेला संयोजनको जिम्मेवारी प्रकाशमान सिंहले पाएका थिए । विशेष महाधिवेशनबाट सभापति बनेका गगनलाई देउवापक्षका नेताहरूले केन्द्रीय समितिमा अटाउन यसअघि पाँच बुँदे प्रस्ताव अघि सारेका थिए । देउवा समूहको अगुवाइ पूर्वकार्यवाहक सभापति पूर्णबहादुर खड्काले गरिरहेका छन् । इतरपक्षले पार्टी फुटाउने तयारी गरेपछि संस्थापनले साउन २४ गतेका लागि केन्द्रीय समिति बैठक डाकेको छ । गगन नेतृत्वको कांग्रेसले असोज १६ गते महाधिवेशन गर्ने तयारी गरेको छ । यसअघि संस्थापनइतरले बृहत् एकता खोजेका छन् ।

■■■

## एकताका लागि...

'हामी ३५ जना केन्द्रीय सदस्य नबसेर बरू पार्टी एकताकापक्षमा उभिन्छौं, बाँकीलाई सभापतिजीले मिलाउनुस्,' गगनतिर इंगित गर्दै महरले भने । कांग्रेसको संस्थापनइतरपक्षले विशेष महाधिवेशनबाट आएको कार्यसमितिमा १४औं महाधिवेशनका १११ जना केन्द्रीय सदस्य समाहित गराउन माग गरिरहेको छ । काठमाडौंको सुकेधारामा हुने एकता भेलामा संस्थापन र इतरपक्षका पदाधिकारीलाई एकै मञ्चमा उभ्याउने उनले बताए ।

■■■

## नेपाल-चीन...

संवेदनशील कूटनीतिक विषयमा राज्य आफैं सक्रिय देखिएको भन्दै त्यसलाई पनि चीनले चासोका साथ हेरेको पनि राजनीतिक विश्लेषक सुवेदी बताउँछन् ।

गत मार्चमा आयोजित एभरेस्ट फेस्टिभलमा ताइवानी झण्डा सार्वजनिकरूपमा फहराइएको घटनाले पनि चीनलाई असन्तुष्ट बनाएको बताइन्छ । नेपालले लामो समयदेखि एक चीन नीतिलाई समर्थन गर्दै आएको अवस्थामा यस्तो दृश्य सार्वजनिक हुनु बेइजिङका लागि सहज विषय नरहेको विश्लेषण श्रेष्ठको छ । सरकार गठनपछि प्रधानमन्त्रीले दलाई लामाबाट शुभकामना प्राप्त गरेको विषय पनि चीनको चासोको सूचीमा परेको उल्लेख गरिएको छ । त्यसलाई सामान्य शुभकामनामात्रै नभई कूटनीतिक सन्दर्भमा पनि हेरिएको छ ।

यी सबै घटना एकपछि अर्को हुँदै सार्वजनिक भइरहेका बेला नेपालले विगतदेखि अवलम्बन गर्दै आएको सन्तुलित परराष्ट्र नीतिमाथि प्रश्न उठ्न थालेको छ । चीनले नेपालबाट निरन्तररूपमा एक चीन नीतिको सम्मान हुने अपेक्षा गर्दै आएको छ । तर, पछिल्लो गतिविधिले त्यो प्रतिबद्धता कमजोर बन्दै गएको सन्देश गएको टिप्पणी कूटनीतिक वृत्तमा हुन थालेको छ । पछिल्लो घटनाक्रमलाई मात्रै होइन, त्यसअघिका गतिविधिलाई पनि चीनले निरन्तर नियालिरहेको कूटनीतिक वृत्तको बुझाइ छ । विशेषगरी जेन-जी विद्रोहपछि भएका घटनाले बेइजिङको चासो बढाएको बताइन्छ ।

जेन-जी विद्रोहका क्रममा भएको हिंसात्मक घटनाको अनुसन्धान गर्न सरकारले दुई छुट्टाछुट्टै आयोग गठन गरेको थियो । एउटा आयोगको नेतृत्व गौरीबहादुर कार्कीले गरेका थिए । अर्को आयोगको नेतृत्व लिली थापाले गरेकी थिइन् । दुवै आयोगले आन्दोलनमा पहिले कहिल्यै नसुनिएको 'टिओबी' समूहको घुसपैठ भएको निष्कर्ष निकालेका थिए । उनीहरूले संलग्न व्यक्तिमाथि कारबाही गर्न सरकारलाई सिफारिस पनि गरेका थिए । तर, ती सिफारिस प्रभावकारीरूपमा कार्यान्वयन नभएको उल्लेख गरिएको छ । त्यसपछि नेपालमा तिब्बतसँग सम्बन्धित गतिविधि झन् खुलारूपमा देखिन थालेको विश्लेषण गरिएको छ ।

अहिले अर्को संवेदनशील विषय दलाई लामाको उत्तराधिकारीको बहस बनेको छ । दलाई लामाको भावी अवतार कहाँ जन्मिने भन्ने विषयलाई लिएर अन्तर्राष्ट्रिय शक्तिराष्ट्रबीच मतभेद देखिएको छ । अमेरिका, भारत र दलाई लामापक्षले नेपाललाई सम्भावित स्थानका रूपमा चर्चा गरिरहेका बेला चीनले भने नयाँ दलाई लामा आफैंले चयन गर्ने अडान दोहोऱ्याउँदै आएको छ । यस्तो अवस्थामा नेपालभित्र तिब्बतसँग सम्बन्धित गतिविधि बढ्दै जानुलाई चीनले थप गम्भीररूपमा हेर्न थालेको चर्चा छ ।

■■■

## खाडी मुलुकमा...

आर्थिक दबाबका कारण पनि धेरै श्रमिकले आराम नगरी अतिरिक्त समय काम गर्ने र कतिपय अवस्थामा पानी, शितलता र पर्याप्त विश्राम नपाउँदा जोखिम बढ्ने गरेको पाइन्छ । अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)का अनुसार विश्वभर करिब ७० प्रतिशत श्रमिक कुनै न कुनै समयमा अत्यधिक गर्मीको जोखिममा काम गर्न बाध्य हुने गरेका छन् । तापक्रम बढ्दै जाँदा श्रमिकको कार्यक्षमता घट्नेमात्र होइन, स्वास्थ्य जोखिम र कार्यस्थल दुर्घटनासमेत बढ्ने देखिएको छ ।

### गर्मीले बढ्दै स्वास्थ्य समस्या

'हिट स्ट्रेस' शरीरले अत्यधिक ताप सहन नसक्ने अवस्था हो । पर्याप्त पानी नपिउने, लामो समय घाममा काम गर्ने, उच्च आर्द्रता र विश्रामको अभावले शरीरको तापक्रम नियन्त्रण प्रणालीको सन्तुलन बिग्रने जनाइन्छ । सुरुमा अत्यधिक पसिना आउने, कमजोरी, टाउको दुख्ने, चक्कर लाग्ने, बान्ता हुने आदि लक्षण देखिए पनि उपचार नपाए 'हिट स्ट्रोक' भएर ज्यानै जाने गरेको पाइएको छ । अनुसन्धानले अत्यधिक गर्मीमा लामो समय काम गर्ने श्रमिकमा दीर्घकालीन मिर्गौला रोगको जोखिम बढ्ने देखाएका छन् ।

पछिल्लो समय खाडीमा काम गरेर फर्किने श्रमिकहरूमा मिर्गौलाको समस्या धेरै पाइन्छ । प्रत्येक महिना खाडीबाट पाँच जनादेखि १३ जनासम्म मिर्गौलाका बिरामी नेपाल फर्किने गरेको वैदेशिक रोजगार बोर्डले जनाएको छ । त्यसबाहेक हृदयघात, क्यान्सर, मधुमेहजस्ता समस्याबाट श्रमिकहरू पीडित हुने गरेका छन् ।

विश्वभर मौसमको बदलिँदो स्थितिसँगै खाडी क्षेत्रमा गर्मीका लहर तीव्र बन्दै गएको छ । कतार, साउदी, युएईलगायतका देशले गर्मीयाममा दिउँसो केही घण्टा बाहिरी काममा रोक लगाउने नीति लागू गरेका छन् । कतारले वेट बल्ब ग्लोब टेम्पेरेचर (डब्लुबिजिटी) सूचकका आधारमा जोखिम मूल्यांकन गर्दै आएको छ । खाडीमा हिट स्ट्रेससम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू आयोजना गर्दै श्रमिक र रोजगारदाताले पालना गर्नुपर्ने नियमहरूबारे जानकारी दिने गरिएको छ । मध्य दिनमा तापक्रम अत्यधिक बढेको बेला अनिवार्य विश्राम पनि दिइँदै अएको छ । तर मानवअधिकारवादी संस्था ह्युमन राइट्स वाचले भने मध्याह्न दिइने ब्रेकमात्र पर्याप्त नभएको जनाएको छ । बिहान, साँझ वा प्रतिबन्धबाहिरको समयमा पनि तापक्रम अत्यधिक हुने भएकाले श्रमिकहरू जोखिममै रहेको संस्थाको ठहर छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई प्रस्थानपूर्व अभिमुखीकरणमै 'हिट स्ट्रेस' सम्बन्धी विशेष प्रशिक्षण दिनुपर्ने सुझाव विज्ञहरूले दिँदै आएका छन् । पर्याप्त पानी पिउने, नियमित विश्राम गर्ने, लक्षण देखिए तुरुन्त उपचार खोज्ने तथा अत्यधिक गर्मीमा सुरक्षात्मक उपाय अपनाउने विषयलाई अनिवार्य बनाउनुपर्ने उनीहरूको भनाइ छ ।

■■■

## मलेसिया...

वैदेशिक रोजगार ऐन तथा प्रतिस्पर्धा प्रवर्द्धन र बजार संरक्षणसम्बन्धी कानुनले सबै व्यवसायीलाई समान अवसरको प्रत्याभूति गरेको स्मरण गराउँदै समाजले कुनै पनि किसिमको एकाधिकार कानुनी शासनविपरीत हुने स्पष्ट पारेको छ । यस परिस्थितिमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालयलगायतका सरकारी निकायहरूलाई पूर्ण पारदर्शिता र निष्पक्षताका साथ काम गर्न समाजले आग्रह गरेको छ । साथै, नेपाल र मलेसियाबीच भएको श्रम सम्झौताको मर्मअनुसार सबै इजाजतपत्र प्राप्त व्यवसायीहरूले समान अवसर पाउने खुला र न्यायपूर्ण प्रणालीलाई मात्र मान्यता दिन माग गरिएको छ ।समाजले सिण्डिकेट स्थापना गर्ने वा सहयोग गर्ने जुनसुकै व्यक्ति वा संस्थामाथि आवश्यक छानबिन गरी कानुनबमोजिम कडा कारबाही गर्न सम्बन्धित निकायसँग माग गरेको छ । साथै, सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरूलाई अस्वस्थ र अपारदर्शी गतिविधिहरूविरुद्ध एकजुट भई पारदर्शी व्यावसायिक वातावरण निर्माणमा लाग्न समाजले हार्दिक अपिल गरेको छ ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/१८ गते**

यस कम्पनीको मिति २०८३/०४/०८ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **लाल्टिन क्याफे प्रा.लि.**को नाम परिवर्तन गरी **लाल्टिन हस्पिटालिटी प्रा.लि. (दर्ता नम्बर ३५०१९७)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१५ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०४/१८ गते**

यस कम्पनीको मिति २०८३/०४/०५ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **भिभिड डिजाइन स्टुडियो प्रा.लि.**को नाम परिवर्तन गरी **भिभिड डिजाइन एण्ड भेन्चर्स प्रा.लि. (दर्ता नम्बर ९०९८२)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०४/१४ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ । साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०४/०९ मा प्रा.लि. नं. १७१५७८ मा दर्ता भएको **छानो इन्भेष्टमेन्ट प्रा. लि.** को मिति २०८३/०४/१५ मा सम्पन्न विषेश साधारण सभाको विशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटर**: नारायण प्रसाद रेग्मी (इजाजत नं.६१८)
शंखमुल, काठमाडौं, फोन नं.: ९८५११९०७९४

**मोटरसाइकल हराएको सूचना**

मिति २०८३/०४/१७ गते का.म.न.पा.१०, क्वालिटी ब्याङकेट बुद्धनगर नजिक पार्किङ गरी राखिएको अवस्थामा कालो रङ्को एनएस२०० सि.सि. पल्सर मोटरसाइकल रातको अन्दाजी १:३० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास फिनसर्भ हायर पर्चेज लि.**
**ऋणी : उमेश कुमार शाह**
**बाइक नं.: बा.प्र.-०२-०५६ प ४५४१**
**च्यासिस नं.: MD2A36FX3RCG84330**
**इन्जिन नं. : JLXCRG77125**
**ठेगाना : शम्भुनाथ-०४,सप्तरी**
**सम्पर्क नं. ९८२३२५००५०**

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **Employment Creation Service Pvt. Ltd.** (ई.प.नं. ४००/०६०/६१) मा कार्यरत राजाराम पौडेल, सजनी पौडेल (ना.प्र.प्र.नं.२८-०१-०६८-०३८८३) र लक्ष्मुमण लिम्बु (ना.प्र.प्र.नं.०५-०२-७४-०७२४४) यहि मिति : १२/०४/२०८३ बाट यस प्रा.लि. मा नरहेको हुनाले निजबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

Employment Creation Service Pvt. Ltd.
Pancha Kumari Mandir, Sinamangal-9, Kathmandu, Nepal
Tel: +977-1-4588393, 4587496 E-mail : info@ecsmanpower.com, Website : ecsmanpower.com
श्रम ईजाजत नं. 800/060/69


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

सोमबार, १८ साउन, २०८३

| | |
|---|---|
| **मेष** | नयाँ कामको अवसर प्राप्त हुन सक्छ । खर्चमा नियन्त्रण राख्नु राम्रो हुनेछ । |
| **वृष** | पारिवारिक सहयोगले मन प्रसन्न रहनेछ । लगानी गर्दा सोचविचार दिनुहोस् । |
| **मिथुन** | कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुने सम्भावना छ । स्वास्थ्यमा सामान्य ध्यान दिनुहोस् । |
| **कर्कट** | अधुरा काम पूरा हुनेछन् । साथीभाइसँगको सम्बन्ध अझ प्रगाढ बन्नेछ । |
| **सिंह** | आत्मविश्वास बढ्ने दिन छ । अनावश्यक विवादबाट टाढा रहनु राम्रो हुन्छ । |
| **कन्या** | अध्ययन, अनुसन्धान तथा नयाँ योजना बनाउन अनुकूल समय छ। आर्थिक पक्ष सन्तोषजनक रहनेछ । |
| **तुला** | दाम्पत्य तथा पारिवारिक सम्बन्धमा मधुरता आउनेछ । यात्राको सम्भावना देखिन्छ । |
| **वृश्चिक** | मेहनतको उचित प्रतिफल प्राप्त हुनेछ । बोलीमा संयम अपनाउनु लाभदायक हुनेछ । |
| **धनु** | नयाँ व्यक्तिसँगको भेटले भविष्यमा फाइदा । खर्च बढ्न सक्ने भएकाले सावधानी अपनाउनुहोस् । |
| **मकर** | व्यवसाय र जागिरमा सकारात्मक प्रगति हुनेछ । स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ । |
| **कुम्भ** | सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| **मीन** | धैर्य र संयमले सफलता दिलाउने दिन छ । पुरानो समस्या समाधानतर्फ अघि बढ्ने संकेत छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ; ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१८ साउन, २०८३ (०३ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.३२ | १५२.९२ |
| युरो | १ को | १७५.२६ | १७५.९५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.८९ | २०५.६९ |
| स्विस फ्रैन्क | १ को | १८८.४६ | १८९.२० |
| अस्ट्रेलियन डलर | १ को | १०७.१६ | १०७.५८ |
| क्यानाडियन डलर | १ को | १०८.६८ | १०९.११ |
| सिङगापुर डलर | १ को | ११८.६९ | ११९.१६ |
| जापानी येन | १० को | ९.५२ | ९.५६ |
| चिनियाँ युआन | १ को | २२.५६ | २२.६५ |
| साउदी अरब रियाल | १ को | ४०.५६ | ४०.७२ |
| कतारी रियाल | १ को | ४१.८० | ४१.९६ |
| थाई भाट | ख १ को | ४.५६ | ४.५८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४७ | ४१.६४ |
| मलेसियन रिङेट | १ को | ३७.२७ | ३७.४२ |
| दक्षिण कोरियन वन | १०० को | १०.६० | १०.६४ |
| स्विडिस क्रोनर | १ को | १५.९७ | १६.०३ |
| डेनिस क्रोनर | १ को | २३.४५ | २३.५४ |
| हङकङ डलर | १ को | १९.४२ | १९.५० |
| कुवेती दिनार | १ को | ४९५.०३ | ४९६.९८ |
| बहराइन दिनार | १ को | ४०३.९८ | ४०५.५७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो



**काठमाडौं (प्रस)**– नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । आइतबार राति १२ बजेपछि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनमा मूल्यवृद्धि गरिएको निगमले जानकारी दिएको छ ।

निगमले पेट्रोलको भाउ प्रतिलिटर तीन रूपैयाँ, डिजेल र मट्टितेलको पाँच रूपैयाँले वृद्धि गरेको छ । यस्तै, हवाई इन्धन आन्तरिकतर्फ २० रूपैयाँ र अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर अमेरिकी डलर १३१ ले वृद्धि भएको छ ।

इण्डियन आयल कर्पोरेसनले ३१ जुलाई, २०२६ मा पठाएको नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा २० रूपैयाँ १९ पैसा, डिजेलमा ३९ रूपैयाँ ६७ पैसा र हवाई इन्धनमा प्रतिलिटर १९ रूपैयाँ छ पैसा बढेर आएको निगमले जनाएको छ ।

नयाँ मूल्यसूचीअनुसार पेट्रोल र डिजेलको मूल्य काठमाडौं, पोखरा र दिपायलमा प्रतिलिटर २०० रूपैयाँ पुगेको छ । सुर्खेत र दाङमा १९९ रूपैयाँ कायम भएको छ । त्यस्तै, चारआली, विराटनगर, जकपुर, अमलेखगञ्ज, भलवारी, धनगढी र वीरगञ्जमा १९७ रूपैयाँ ५० पैसा पुगेको छ । खाना पकाउने एलपी ग्यासको मूल्य भने यथावत् राखिएको निगमले जनाएको छ ।

यसअघि पेट्रोल प्रतिलिटर १९७ रूपैयाँ र डिजेल/मट्टितेल प्रतिलिटर १९५ रूपैयाँ रहेको थियो । पेट्रोलियम पदार्थको खुद्रा बिक्री मूल्य समायोजन गर्दा पनि निगमलाई पाक्षिक रूपमा एक अर्ब ४९ करोड रूपैयाँबराबरको घाटा हुने आइतबार जारी विज्ञप्तिमा उल्लेख छ ।

# वैशाखयता देशभर चार हजार ५३ विपद्का घटना


**काठमाडौं**– गत वैशाख १ गतेदेखि साउन १७ गतेसम्म देशभर कूल चार हजार ५३ विपद्का घटना घटेका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार सो अवधिमा १९६ जनाको ज्यान गएको छ । यस्तै, एक हजार २१८ जना घाइते भएका छन् भने चार बेपत्ता छन् । सो अवधिमा सबैभन्दा बढी अर्थात् एक हजार २४ आगलागीका घटना भएका छन् । सर्पदंश ७१६, चटचाङ २३१, लेक लाग्ने ५७, पहिरो ६८५, जनावर आक्रमण २२५, बाढी २००, हुरीबतास ४८०, भारी वर्षा २२७, डढेलो १९१, ढुंगा पल्टने र विष्फोटका समान एक-एक घटना भएका छन् ।

त्यस्तै, असिना र भूकम्प चार-चार छन् भने अन्य पाँचवटा घटना घटेको प्राधिकरणको विवरणमा उल्लेख छ । विपद्का कारण पाँच हजार १८८ घरपरिवार प्रभावित भएका छन् । विपद्बाट जोगिन पूर्वसावधानी अपनाउन प्राधिकरणले सबैलाई आग्रह गरेको छ । वर्षाको समयमा अकस्मात बाढीपहिरो आउने, सर्पदंशको जोखिम हुने भएकाले विशेष सतर्कता अपनाउनुपर्नेमा जोड दिइएको छ ।

यस्तै, गत २४ घण्टामा देशभर कूल ३४ वटा विपद्का घटना घटेका छन् । विपद्मा परेर एक जनाको ज्यान गएको छ भने २० घाइते भएका छन् । विपद्का कारण देशभरका २५ जिल्ला प्रभावित भएका छन् । देशका दुई सडक अवरुद्ध हुन पुगेको छ । विपद्का कारण २७ लाख २५ हजार रूपैयाँबराबरको अनुमानित क्षति भएको छ । उद्धार, राहतलगायतका कामका लागि २७१ प्रहरी परिचालन गरिएको थियो । *रासस*


# भावपूर्ण श्रद्धाञ्जली



**जन्म मिति**
वि.सं. २०००/०१/१६ गते

**स्वर्गारोहण मिति**
वि.सं. २०८३/०४/०७ गते

**स्व. वेदबहादुर कार्की**

गोकुलगंगा गाउँपालिका वडा नं. ०३ रस्नालु, क्षेत्रीगाउँ, रामेछाप निवासी मेरा अनन्य मित्र राष्ट्रिय स्वतन्त्र पार्टीका निवर्तमान सभापति, व्यवसायी तथा समाजसेवी विष्णुबहादुर कार्कीका बुवा **स्व. वेदबहादुर कार्की**को असामयीक स्वार्गारोहण भएको आज **१३औं दिन**को पून्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

जनआकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

**मोहन कार्की**
अध्यक्ष
**जनआकाश मिडिया प्रा. लि. परिवार**


# अस्पतालमा भौतिक संरचनामा लगानी गर्ने प्रतिबद्धता



**नेपालगञ्ज**– लुम्बिनी प्रदेश सरकारका भौतिक पूर्वाधारमन्त्री रत्न खत्रीले बहुवर्षीय योजनाअन्तर्गत 'सुशील कोइराला प्रखर क्यान्सर अस्पताल'मा भौतिक संरचना निर्माणमा प्रदेश सरकार सकारात्मक रहेको बताएका छन् ।

बाँकेको खजुरास्थित क्यान्सर अस्पतालको आइतबार स्थलगत अनुगमन गर्दै मन्त्री खत्रीले अस्पतालबाट माग भएमा आवश्यकताअनुसार बहुवर्षीय योजनाअन्तर्गत भौतिक संरचना निर्माणमा प्रदेश सरकारले लगानी गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले बाँकेमा प्रदेश सरकारअन्तर्गत कुनै स्वास्थ्य संस्था नभएको उल्लेख गर्दै अस्पताल प्रशासनलाई प्रस्तावना लिएर प्रदेश राजधानी आउन आग्रह गरे ।

यसअघिका अस्पतालका अधिकारीहरूले प्रदेश सरकारबाट कुनै पहलकदमी नगरेका कारण खजुरा क्यान्सर अस्पतालमा प्रदेश सरकारको उपस्थिति नदेखिएको उनको भनाइ थियो । मन्त्री खत्रीले क्यान्सर अस्पताल संघीय सरकारअन्तर्गत भए पनि अस्पतालले सबैभन्दा बढी लुम्बिनी प्रदेशकै नागरिकलाई सेवा दिइरहेको बताउँदै प्रदेश सरकार अस्पतालमा सहकार्य गर्न तयार रहेको स्पष्ट गरे ।

अस्पताल परिसरमा स्वागत गर्दै खजुरा क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा. नीरज भट्टराईले निकै थोरै जनशक्तिबाट अस्पतालले उत्कृष्ट सेवा दिँदै आएको अवगत गराए । उनले संघीय सरकारको पूर्णस्वामित्वको अस्पताल भए पनि अस्पतालले स्वीकृत दरबन्दी पाउन नसकेको उल्लेख गर्दै सीमित स्रोतसाधनबाट अधिक कार्यसम्पादन हुँदै आएको जानकारी दिए । उनले चार हजार ६०० बिरामीलाई सेवा दिएर सुरु भएको अस्पतालले हाल ४० हजार बढी क्यान्सरका बिरामीलाई सेवा दिइरहेको उल्लेख गरे । थप जनशक्ति र उपकरण प्राप्त हुने क्रममा रहेको जनाउँदै अस्पताललाई पूर्ण सेवा दिन भौतिक संरचनाको कमी रहेको कार्यकारी निर्देशक डा. भट्टराईको भनाइ थियो ।

कार्यकारी निर्देशक डा. भट्टराईले लुम्बिनीसहित कर्णाली र सुदूरपश्चिम प्रदेशका क्यान्सरका बिरामीको प्रमुख उपचारस्थल बनेको अस्पतालमा प्रदेश सरकारको उपस्थिति आवश्यक रहेको औंल्याए । देशैभरमा लुम्बिनी प्रदेश सरकारले क्यान्सरका बिरामीलाई सबैभन्दा बढी उपचार खर्च उपलब्ध गराएकोमा आभार प्रकट गर्दै उनले अस्पतालमा आवश्यक भौतिक पूर्वाधार निर्माणमा पनि प्रदेश सरकारको सहयोगको अपेक्षा गरे । मन्त्री खत्रीले अस्पतालको विभिन्न कक्षहरूको स्थलगत अनुगमन गर्दै नागरिकलाई गुनासोरहित सेवा प्रदान गर्न अस्पतालका स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई आग्रह गरे ।

यसैबीच, बाँके र बर्दियामा क्रियाशील यातायात व्यवसायीले क्यान्सर रोगका बिरामीलाई निःशुल्क यातायात सेवा दिने भएका छन् । सुशील कोइराला प्रखर क्यान्सर अस्पतालको आह्वानमा भएको यातायात व्यवसायी र अस्पताल प्रशासनबीच भएको बैठकमा यातायात व्यवसायीहरूले क्यान्सरका बिरामीका लागि निःशुल्क यातायात सेवा दिने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

बैठकले नेपालगञ्जबाट खजुरा हुँदै गुलरिया, राजापुरसहित सुदूरपश्चिम चल्ने सवारीसाधन अनिवार्य खजुरा क्यान्सर गेट हुँदै सञ्चालन गर्ने निर्णय गरेको छ । क्यान्सरको उपचारका लागि अस्पताल आउने बिरामीको सहजताका लागि खजुरा रुट भएर चल्ने मझौला र साना सवारीसाधन क्यान्सर गेटसम्म पुगेर सञ्चालन गर्ने निर्णय भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघका केन्द्रीय सचिव टंक बस्यालले जानकारी दिए । *रासस*


## कतारमा रोजगार
कम्पनी : AL DOHA PEST CONTROL AND CLEANING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 345958 | चलानी नं. ६०२५९१३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | All Vechile Driver | 1 | 0 | 2200 | ९२,१०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Insect Specialist | 2 | 0 | 1500 | ६२,८०१ | | | | | | | |
| 3. | Public Area Attend/Cleaner | 0 | 1 | 1000 | ४१,८८७ | | | | | | | |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RADIANT Govt. License No. 1016/068/69
**RADIANT OVERSEAS PVT. LTD.**
Kathmandu-09, Bhimsengola, Nepal, Contact: +97714117963,
E-mail : radiant.overseasktm@gmail.com, Web: radiantoverseas.com.np



## युएइमा रोजगार
कम्पनी : OSHA BEAUTY

पूर्व स्वीकृति मिति : २०८२/०६/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 332464 | चलानी नं. ६०२४६१५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 3 | 1500 | ६२,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 1726/081/082
**S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.**
Bafal-13, Kathmandu, Nepal, T: 01-5922923
Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



## युएइमा रोजगार
कम्पनी : INOTEC FACILITIES MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 345870 | चलानी नं. ६०२५९१९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner I | 0 | 3 | 1000 | ४१,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL MUROOJ GENTS TAILORING

पूर्व स्वीकृति मिति : २०८३/०४/१५ | LT. No. 345855 | चलानी नं. ६०२५९१९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 5 | 0 | 1500 | ६२,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Embroidering Machine Operator | 2 | 0 | 1500 | ६२,११५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


NEPAL WORLD LIC No. 1682/080/081
**NEPAL WORLD OVERSEAS PVT.LTD**
Tinkune-32, Kathmandu, Nepal, Contact: +977-15920448, Contact Person Name : Tul Bahadur Bhujel
Contact No : +977 976-3689919 (WhatsApp) E-mail : nepalworldhr@gmail.com, md@nepalworldhr.com Web: www.nepalworldhr.com



## साउदीमा रोजगार
कम्पनी : AL RAJBANI CONTRACTING COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 345945 | चलानी नं. ६०२५९१५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 2 | 0 | 1800 | ७३,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Driver Truck | 20 | 0 | 1800 | ७३,३५४ | | | | | | | |
| 3. | Heavy Truck Driver | 7 | 0 | 1800 | ७३,३५४ | | | | | | | |
| 4. | Heavy Truck Drivers | 4 | 0 | 1800 | ७३,३५४ | | | | | | | |

कम्पनी : UNITED NEBRAS COMPANY FOR GENERAL CONTRACTING LTD

पूर्व स्वीकृति मिति : २०८३/०४/१७ | LT. No. 345944 | चलानी नं. ६०२५९१५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver of Pickup Truck | 1 | 0 | 1800 | ७३,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १९०/०५७/०५८
**Nasser International Placement Services Pvt. Ltd.**
Kupondole, Opposite to Kandev Temple, Kathmandu , Phone: + 977-01-4578566 | 4578866,
Anil Karki (Mobile No. 9862134075), Email: info@nasserplacement.com, Web: nasserplacement.com


## सवारी साधन लिलाम बिक्री गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मितिः २०८३/०४/१८

यस संस्थाको तपसिलमा उल्लेखित सदस्यले हायर पर्चेज ऋण (कर्जा) शिर्षक अन्तर्गत ऋण लिंदा संस्थासंग गरेको शर्त सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने सावाँ, व्याज लगाएतका रकमहरु नतिरी नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा ताकेता गर्दा समेत कुनै चासो नदेखाएकाले उक्त सवारी साधन जे-जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलाम गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सहकारी ऐन २०७४ नियमावली २०७५ र सहकारी विनियमावली २०६७ (पहिलो संसोधन २०७३) तथा अन्य प्रचलित कानुन बमोजिम धितो सुरक्षणमा दिएको तपसिलको सवारी साधन लिलाम बिक्रीबाट असुल उपर गरिने छ सो बाट असुल उपर हुन नसकेको रकम तपाई ऋणी र जमानीको अन्य चल अचल श्री सम्पत्तिबाट सहकारीको ऋण असुली सम्बन्धमा प्रचलित कानुन बमोजिम गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । अन्य थप जानकारीका लागि संस्थामा सम्पर्क राख्नुहोला ।

**तपसिल**

| ऋणीको विवरण | सवारीको मोडल |
|---|---|
| **नामः प्रकाश राई**<br>बाबुः बुद्धि मान राई<br>बाजेः खड्ग बहादुर राई<br>ठेगानाः जिल्ला संखुवासभा, मत्स्यपोखरी वडा नं. १<br>हाल- का.जि.का.म.नपा वडा नं. -४ | PULSAR 200 NS ABS<br>ग्रे कलर भएको बाइक नं. बा प्र.०२-०२३ प २०९८<br>इन्जिन नं.JLXCMK00207<br>च्यासिस नं. MD2A36FX9MCK80776 |

**बोलपत्र सम्बन्धी शर्तहरू**

१. सवारी साधन जे-जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गर्नु पर्नेछ ।
२. सवारी साधन खरिद गर्न पेश गर्नुपर्ने बोलपत्र फाराम यस संस्थाको कार्यालय भक्तपुर, कौशलटारबाट रू.५००/- तिरी (फिर्ता नहुने गरी) प्राप्त गर्न सकिने छ ।
३. सवारी साधन खरिद प्रस्ताव फारम यस संस्थाको प्रमुख कार्यालय कौशलटार, भक्तपुरमा मिति २०८३/०५/२० गतेसम्म पेश गर्न सकिने छ ।
४. सवारी साधनमा लाग्ने अन्य शुल्क जस्तै सवारी साधन कर, बिलबुक नविकरण शुल्क, नामसारी शुल्क आदि सम्पूर्ण शुल्क खरिदकर्ता स्वयमले व्यहोर्नु पर्नेछ ।
५. खरिद गरी लिन चाहेको रकमको कम्तीमा १०% रकम संस्थाको एन.आइ.सी बैंक लिमिटेड, कौशलटार शाखामा रहेको खाता नं: २१४१०००३९२१५२४०२ मा जम्मा गरी सो को सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।
६. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार यस संस्थामा निहित रहने छ । सो को कारण दिन संस्था बाध्य हुने छैन । साथै, खरीद गर्न चाहेको सवारी साधन सम्बन्धमा थप जानकारीको लागि एवम् अवलोकन गर्न चाहेमा कार्यालय समयभित्र यस संस्थाको प्रमुख कार्यालय कौशलटार, भक्तपुरमा सम्पर्क गरी जानकारी लिन र अवलोकन गर्न सकिनेछ ।

**बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति** : २०८३/०५/२१ गते, आइतबार
(बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन)
**समय** : अपरान्ह २:३० बजे
**स्थान** : संस्थाको मुख्य कार्यालय, कौशलटार, भक्तपुर ।

**सन्दुस बचत तथा ऋण सहकारी संस्था लि.**
**Sandus Saving & Credit Co-operative Ltd.**
**Head Office:** Kaushaltar-15, Bhaktapur, Tel.: 01-6630150, 6635528, **E-mail:** sandussaving@gmail.com

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८३ साल साउन महिना १८ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय भैरहवाबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक अधिविकर्ष तथा आवधिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **धौलागिरी सेकुवा हाउस एण्ड लज** प्रोप्राइटरको नाम : टिका बहादुर खड्का
प्रा.फ.उ.द.नं. : १५८५९/०७५/७६ दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, सिद्धार्थनगर
दर्ता मिति : २०७५/०४/३० उद्योग रहने ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ९
स्थायी लेखा नं. : ६०८२६५५०६

**प्रोप्राइटरको विवरण**

मुसक्त बहादुर खड्काको नाति मान बहादुर खड्काको छोरा वाग्लुङ जिल्ला तित्याङ वडा नं. २ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं. ८ बस्ने **टिका बहादुर खड्का** (ना.प्र.नं. : ५०१००५/१९९४३ जारी मिति र जिल्ला : २०६७/०४/१६, वाग्लुङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

नैनसिंह के.सी.को छोरी मान बहादुर खड्काको बुहारी टिका बहादुर खड्काको पत्नी वाग्लुङ जिल्ला वाग्लुङ न.पा. वडा नं ९ हाल, रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा. वडा नं ८ बस्ने **खिमा कुमारी के.सी. खडका** (ना.प्र.नं. : ५०३००७/१२५ जारी मिति र जिल्ला : २०७०/०२/१८, वाग्लुङ)

**यसअघि प्रकाशित गरिएको सार्वजानिक सूचनाको विवरण :**
मिति २०८३/०१/२१ गतेको मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ दिने

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | धितो ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (ब.मि.) |
|---|---|---|---|---|
| खिमा कुमारी के.सी खडका | रुपन्देही जिल्ला हाटि फर्साटिकर वडा नं. ३ | ३ ख | १६१ | ०-८-१३-० |
| | रुपन्देही जिल्ला पडसरी वडा नं. ९ | ९ क | ३६८० | ९७.३५ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८३ साल भदौ महिना ७ गते आइतबार भित्र यस बैंकको शाखा कार्यालय भैरहवा आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको Earnest money payable खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर अथवा सो बराबरको बमेलपत्र पेश गर्ने अन्तिम मिति भित्र खिचिएको यस बैंकको नाममा Good For Payment Cheque संलग्न गर्नु पर्नेछ ।
५) प्राप्त बोलपत्रहरु मिति २०८३ साल भदौ महिना ८ गते सोमबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय भैरहवामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
**Central Office:** Lazimpat, Kathmandu
**Tel.:** 01-5970887
**Toll Free No.:** 16600149999 (NTC), 18102149999 (Ncell)
**E-mail:** info@muktinathbank.com.np
**Web:** www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# संघीयताका अधुरा काम पूरा गर

साउन १० गते सुनसरीको देवानगञ्ज गाउँपालिका–३ कप्तानगञ्जमा सुरक्षाकर्मीको गोली लागेर ३० वर्षीय ओमप्रकाश मेहताले ज्यान गुमाए । यही घटनाका कारण मधेसमा आगो बल्यो । सिरहासम्म फैलिएको दंगामा तीन जना युवाको अनाहकमा मृत्यु भयो । पुराना राजनीतिक दल, मधेसवादी दलको सकारात्मक सन्देशसँगै मधेसको यो घटना अहिले मत्थर भएको छ ।

घटनाको मुख्य कारण संघीयताका अधिकार गाउँसम्म नपुग्नु भएको मधेसवादी नेताहरूले बताउँछन् । हुन पनि नेपालमा नयाँ संविधान जारी भएको १० वर्ष नाघिसक्यो । तर प्रदेश र स्थानीय तहलाई अझै पनि संघले शक्ति बाँडफाँड गरेको छैन । मधेसले पहिल्यै प्रहरी मागेको थियो । तर संघ सशंकित बन्द अहिलेसम्म पनि कुनै प्रदेशले प्रहरी पाउन सकेको छैन ।

यो बीचमा संघीयताविरोधीले प्रदेशलाई खारेज गर्नुपर्ने दबाब अघि बढाएका छन् । अहिलेको सत्ताशक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई धेरैले प्रदेशविरोधी दलको रूपमा चिन्दै आएको छ । प्रदेशको निर्वाचनमा कुनै उम्मेदवार नउठाएको रास्वपाको सरकारको प्रधानमन्त्री वालेन्द्र शाह अझै संघीयताविरोधी भएको भाष्य छ । यसबारे मधेसवादी दलले प्रधानमन्त्रीको धारणा मागेका थिए । प्रधानमन्त्री शाहले तत्काल थुम्थुम्याउन हो कि वा साँच्चै, आफूले संघीयताको विरोध सपनामा पनि नसोचेको बताएका छन् । प्रधानमन्त्री शाह संघीयताको विरोधमा नरहेको सन्देश गएसँगै मधेसमा बलेको आगो एकाएक निभेको छ । यो अहिलेका लागि सकारात्मक विषय हो ।

रास्वपाका सभापति रवि लामिछाने र वरिष्ठ नेतासमेत रहेका प्रधानमन्त्री शाहले पछिल्लो परिस्थिति काबुमा ल्याउन सर्वपक्षीय छलफल गरे । यो प्रयासलाई सबै दलले सौहर्द्रपूर्वक स्वागत गरे । प्रतिशोधको खेल खेलेनन् । तनाव बढ्दा सरकारको सहयोगीका रूपमा प्रकट भए ।

यो बेला सरकारले एकतर्फी रूपमा संविधान संशोधन प्रयास गरेको छ । संघीयता पक्षधर यसले सशंकित छन् । यसैकारण पनि मधेसलगायत जातीय बाहुल्यता भएको ठाउँमा अशान्ति मच्चिने सम्भावना बढेको थियो । तर सरकार संघीयताकोविरुद्धमा नरहेको सन्देश गएसँगै एक प्रकारको राजनीतिक 'सेटल डाउन' देखिएको छ ।

यसको मतलब मधेस अब चुप लागेर बस्छ भन्ने हैन । मधेस घटनाले सरकारलाई दिएको स्पष्ट सन्देश हो– संघीयताको बाँकी काम पूरा गर । संघीय सरकारले हडपेर राखेको अधिकार प्रदेशलाई हस्तान्तरण गर, स्थानीय तहसँग बाँड । वित्तीय संघीयता कार्यान्वयन, कानुन निर्माण, प्रशासनिक समायोजनजस्ता विषयमा निकै ढिलासुस्ती भइरहेको छ । यी अधुरा कामका लागि रास्वपा सरकारले अहिलेबाटै काम थाल्नु बुद्धिमता हुन्छ ।

## श्रम सरोकार

### अभिमुखीकरण तालिम किन लिने ?

वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारले अनिवार्यरूपमा पूर्वप्रस्थान अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ ।

वैदेशिक रोजगारमा जाने सोच बनाएदेखि नै कुन देश जाने हो सोको बारेमा सामान्य जानकारी भएता पनि यस पूर्वप्रस्थान अभिमुखीकरण तालिममा अरू धेरै विषयमा जानकारी प्राप्त हुन्छ । यो तालिम तीन दिन (१८ घण्टा)को हुन्छ ।

वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त संस्थाहरूबाट मात्र अभिमुखीकरण तालिम लिनुपर्दछ । अभिमुखीकरण तालिमबाट मुख्यतया निम्नलिखित विषयहरूको जानकारी पाउन सकिन्छः

- वैदेशिक रोजगारसम्बन्धी कानुन
- यात्रापूर्वको तयारी
- यात्राको क्रममा अपनाउने प्रक्रिया
- आचरण, स्वास्थ्य र तनाव व्यवस्थापन
- सूचना प्रविधिको प्रयोग
- कार्यस्थलमा अपनाउनपर्ने सावधानी र सुरक्षा
- स्वास्थ्य र व्यवसायजन्य सुरक्षा
- पारिश्रमिकको व्यवस्थापन
- सहयोगी निकाय र सहयोग लिने तरिका
- गन्तव्य मुलुकको अवस्था र त्यहाको श्रम कानुनको सामान्य जानकारी
- गन्तव्य मुलुकको आधारभूत भाषा/शब्दहरू

महिला कामदारले अभिमुखीकरण तालिम लिँदा तिरेको शुल्क वैदेशिक रोजगार बोर्डको सचिवालयबाट सोधभर्ना पाइन्छ । यसका लागि तालिम केन्द्रले शुल्क लिएको सक्कल रसिद, तालिम प्रमाणपत्रको प्रतिलिपि, श्रम स्वीकृतिको प्रतिलिपि र पासपोर्टको प्रतिलिपि राखेर सचिवालयमा निवेदन दिनुपर्छ ।

# साउदीको एसभिपीः श्रम कूटनीति, अर्थ–राजनीति र नेपालको नीतिगत द्विविधा



❑ किशोर गैरे

> नेपाली श्रमबजारमा लामो समयदेखि देखिएको सबैभन्दा ठूलो समस्या भनेको 'कागजी दक्षता र व्यावहारिक अज्ञानता' हो । धेरैजसो म्यानपावर व्यवसायी तथा बिचौलियाहरूले सामान्य अदक्ष कामदारलाई पनि फर्जी कागजात बनाएर वा अर्धदक्षलाई दक्ष श्रेणीको बनाएर झुक्याएर वैदेशिक रोजगारीमा पठाउने गरेका अनगिन्ती घटनाहरु छन् । एसभिपी लागू हुँदा यो विकृति अन्त्य भई कामदारले जुन पेसामा सीप परीक्षण दिएको हो, सोही पेसा र सम्झौतामामात्र साउदी प्रवेश पाउने वातावरण बन्छ ।

साउदी अरेबियाले अंगीकार गरेको 'भिजन २०३०' र सन् २०३४ को फिफा विश्वकप र अन्य रास्ट्रिय गौरवका योजना पूर्वाधार तयारीका लागि उसले आफ्नो आन्तरिक श्रमबजारलाई अन्तर ाष्ट्रिय श्रम कानुन र मापदण्डअनुरूप ढाल्न तीव्र नीतिगत सुधार गरिरहेको छ । यही रणनीतिअन्तर्गत साउदीले विदेशी कामदारको व्यावहारिक र सैद्धान्तिक क्षमता मापन गर्न 'स्किल भेरिफिकेसन प्रोग्राम-एसभिपी (सीप प्रमाणीकरण कार्यक्रम) लागू गरेको हो । नेपालबाट साउदी जाने दक्ष तथा प्राविधिक कामदारका लागि यो कार्यक्रम अन्य देशमा जस्तै नेपालमा पनि सञ्चालनमा ल्याउन लागिएको थियो । तर, नेपालका वैदेशिक रोजगार व्यवसायी (म्यानपावर) हरूको विरोध र नेपाल सरकारको हस्तक्षेपपछि सञ्चालनमा आउन लागेका परीक्षा केन्द्रहरूमा सिलबन्दी भई कार्यक्रम रोकिएको छ ।



*एआईद्वारा सिर्जित प्रतीकात्मक तस्बिर*

### के हो साउदीको एसभिपी ?

एसभिपी अर्थात् सीप प्रमाणीकरण कार्यक्रम साउदी अरेबियाको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालय (एमएचआरएसडी) र प्रोफेसनल भेरिफिकेसन प्रोग्राम (पिभिपी) को संयुक्त पहलमा ल्याइएको प्राविधिक एवं व्यावसायिक सीप परीक्षण प्रणाली हो । यस कार्यक्रमको मूल उद्देश्य साउदी श्रमबजारमा प्रवेश गर्ने विदेशी जनशक्तिको न्यूनतम व्यावसायिक दक्षता सुनिश्चित गर्नु हो । यसअन्तर्गत तोकिएका प्राविधिक तथा सीपयुक्त पेसा मा जान चाहने कामदारले स्वीकृत परीक्षा केन्द्रमार्फत २० प्रतिशत सैद्धान्तिक र ८० प्रतिशत व्यावहारिक परीक्षा उत्तीर्ण गर्नुपर्छ । परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थीलाई साउदी सरकारको आधिकारिक पोर्टलबाट पाँच वर्षको मान्य अवधि भएको एकीकृत डिजिटल प्रमाणपत्र जारी गरिन्छ, जसले अयोग्य र सीपहीन कामदारका कारण हुने औद्योगिक दुर्घटना न्यूनीकरण गर्न र पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्न मद्दत पुऱ्याउँछ ।

### नेपालको श्रमबजारको धरातल र एसभिपीको आवश्यकता

नेपाली श्रमबजारमा लामो समयदेखि देखिएको सबैभन्दा ठूलो समस्या भनेको 'कागजी दक्षता र व्यावहारिक अज्ञानता' हो । धेरैजसो म्यानपावर व्यवसायी तथा बिचौलियाहरूले सामान्य अदक्ष कामदारलाई पनि फर्जी कागजात बनाएर वा अर्धदक्षलाई दक्ष श्रेणीको बनाएर झुक्याएर वैदेशिक रोजगारीमा पठाउने गरेका अनगिन्ती घटनाहरू छन् । एसभिपी लागू हुँदा यो विकृति अन्त्य भई कामदारले जुन पेसामा सीप परीक्षण दिएको हो, सोही पेसा र सम्झौतामामात्र साउदी प्रवेश पाउने वातावरण बन्छ । यसले गर्दा सीपहीन कामदारका कारण हुने कार्यस्थल दुर्घटना रोकिनुका साथै प्रमाणित सीप भएका नेपाली कामदारले दक्ष श्रेणीको उच्च तलब र सुविधा पाउने निष्पक्ष अवसर प्राप्त गर्छन् ।

### शुल्क र आर्थिक दायित्वः कसले व्यहोर्छ खर्च ?

नेपालमा यो कार्यक्रमबारे फैलाइएको मुख्य भ्रम 'यसले कामदारमाथि अतिरिक्त आर्थिक भार थप्छ' भन्ने हो, तर साउदी श्रम कानुनको धारा ४० अनुसार विदेशी कामदार भर्नासम्बन्धी सम्पूर्ण शुल्क रोजगारदाताले नै व्यहोर्नुपर्छ । साउदी कम्पनीले कामदारको भिसा प्रक्रिया सुरु गर्दा नै सीप परीक्षणबापतको ५० अमेरिकी डलर साउदी सरकारलाई बुझाउँछ ।

त्यसैगरी साउदी सरकारले स्वीकृत परीक्षा केन्द्रहरूलाई कर्मचारी, इञ्जिनियर/एसेसरको तलब, भवन भाडा, परीक्षा सामग्रीबापत सेवा शुल्क उपलब्ध गराउँछ । यसरी एसभिपी श्रमिक भर्ना प्रक्रियाकै एक अनिवार्य प्राविधिक चरण भएकाले यसको आर्थिक जिम्मेवारी कानुनीरूपमै साउदी रोजगारदाता कम्पनीको हुन्छ र नेपाली कामदारले परीक्षा केन्द्रलाई कुनै पनि प्रकारको नगद वा अतिरिक्त शुल्क बुझाउनु पर्दैन ।

### अन्तर्राष्ट्रिय अभ्यास

साउदी अरेबियाले यो कार्यक्रम नेपालका लागिमात्र एक्कासि ल्याएको होइन, हालसम्म भारत, पाकिस्तान, बंगलादेश, फिलिपिन्स, इजिप्टलगायत विश्वका विभिन्न स्रोत रास्ट्रहरूमा यो कार्यक्रम सफलताका साथ सञ्चालन भइरहेको छ । नेपाललाई यस प्रणालीमा यसै अनुरूप मुख्य स्रोत राष्ट्रको रूपमा समेटिएको थियो । अन्य देशहरूले यसलाई अवसरका रूपमा लिएर आफ्ना नागरिकलाई साउदीको उच्च पारिश्रमिक युक्त बजारमा पठाइरहँदा नेपालमा भने यो नीतिगत अनिर्णय र विवादको घेरामा परेको छ ।

### नेपालमा सरकारी हस्तक्षेप र परीक्षा केन्द्र सिलबन्दीको वास्तविकता

नेपालस्थित स्वीकृत परीक्षा केन्द्रहरूले साउदी सरकारको एमएचआरएसडीसँगको सम्झौताअनुसार प्राविधिक परीक्षण र सेवा प्रदान गर्ने जिम्मेवारीमात्र पाएका हुन् । यी केन्द्रहरूको काम केवल परीक्षा सञ्चालन गर्नु हो, भिसा बाँड्नु वा कामदार भर्ना गर्नु होइन । तथापि, फर्जी डकुमेन्टेसन वा अदक्ष कामदारलाई दक्ष बनाएर पठाउँदा बिचौलिया र म्यानपावर व्यवसायीले पाउने अनुचित लाभ गुम्ने भयले गर्दा विरोध भयो । अर्कोतर्फ, नेपाल सरकार (श्रम मन्त्रालय) ले पनि साउदी सरकारसँग प्रत्यक्ष कूटनीतिक संवाद गरी प्रक्रियालाई पारदर्शी बनाउनुको सट्टा प्रशासनिक अधिकारको दायरा देखाउँदै हतारमा परीक्षा केन्द्र नै बन्द गराइदियो ।

### एसभिपी लागू नहुँदा निम्तिने कूटनीतिक र श्रम–आर्थिक असरहरु

यदि नेपालले साउदीको यो नीतिगत व्यवस्थालाई अस्वीकार गरिरह्यो वा लामो समय रोकेर राख्यो भने त्यसका गम्भीर कूटनीतिक र श्रम-आर्थिक दुष्परिणामहरू निम्तिन सक्छन् । साउदीका ठूला रोजगारदाताहरूले मेगा प्रोजेक्टहरूका लागि चाहिने दक्ष जनशक्ति भारत, पाकिस्तान वा बंगलादेशतर्फ डाइभर्ट गर्ने छन्, जहाँ एसभिपी निर्वाधरूपमा सञ्चालित छ । सीप प्रमाणीकरण नहुँदा नेपाली कामदारहरू सधैं न्यून पारिश्रमिक पाउने 'अनस्किल्ड' श्रेणीमा मात्र खुम्चिनुपर्ने अवस्था आउँछ । यसका साथै साउदी सरकारको राष्ट्रिय प्राथमिकता (साउदी भिजन २०३०) सँग जोडिएको श्रम सुधारलाई नेपालले विनाठोस कानुनी कारण रोक्दा दुई देशबीचको कूटनीतिक र श्रम सम्बन्धमा अविश्वास पैदा भई वैदेशिक रोजगारीबाट प्राप्त हुने सम्भावित उच्च विप्रेषणमासमेत गिरावट आउन सक्छ ।

### नेपालले के गर्नु पर्छ ?

साउदी अरेबियाको सीप प्रमाणीकरण कार्यक्रम (एसभिपी) कुनै निश्चित परीक्षा केन्द्र वा म्यानपावर व्यवसायीको निजी स्वार्थको विषय नभई साउदी सरकारको अन्तर्राष्ट्रिय श्रम नीतिको अनिवार्य अंग हो । साउदी श्रम कानुनको धारा ४० बमोजिम यसको सम्पूर्ण आर्थिक भार रोजगारदाताले नै व्यहोर्ने भएकाले कामदारमाथि अतिरिक्त वित्तीय बोझ पर्दैन । त्यसैले नेपाल सरकार र युवा, श्रम तथा रोजगार मन्त्रालयले हतारमा सिलबन्दी वा प्रतिबन्ध लगाउनुभन्दा साउदी सरकारसँग द्विपक्षीय कूटनीतिक संवाद गरी कामदारबाट एक रूपैयाँ पनि नलिइने सुनिश्चितता गर्ने र परीक्षा केन्द्रहरूको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्छ । म्यानपावर व्यवसायीहरूको सिण्डिकेटभन्दा माथि उठेर अन्तर्राष्ट्रिय श्रमबजारका नवीन मापदण्डहरूलाई आत्मसात् गर्नु नै नेपाली युवाको दक्षता, सुरक्षा र राष्ट्रिय हितअनुकूल हुने छ ।

## पाठक मञ्च

# हिमालले खोसेको ताराः निम्स दाइ र १० आरोहीको स्मृतिमा...

नेपाली पर्वतारोहण इतिहासमा एउटा चम्किलो ताराको रूपमा उदाएका विश्वकीर्तिमानी पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ' र उनको टोलीसहित १० जना साहसी आरोहीको पाकिस्तानको ब्रोड पिक हिमालमा हिमपहिरोमा परी भएको असमायिक निधनको खबरले म लगायत सम्पूर्ण देशवासी र विश्वभरका हिमालप्रेमीहरूलाई स्तब्ध र शोकाकुल बनाएको छ । यस दुःखद घटनामा परी निधन भएका आरोहीहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै नेपाली साहसिक पर्यटन तथा पर्वतारोहणको सुरक्षा र भावी दिशाबारे आफ्ना केही विचारहरू सार्वजनिक गर्न यो पाठकपत्र लेख्दै छु ।

म्याग्दीको विकट गाउँ दानामा जन्मिएर बेलायती सेनाको प्रतिष्ठित 'स्पेसल बोट सर्भिस' मा पुग्ने पहिलो गोरखा सैनिक बनेका निम्स दाइको जीवनकथा आफैंमा एउटा ठूलो प्रेरणाको स्रोत थियो । सन् २०१२ मा पहिलोपटक सगरमाथा आधार शिविर पुगेपछि सुरु भएको उनको हिमालप्रतिको मोहले नेपाली पर्वतारोहणलाई विश्वव्यापी रूपमा नयाँ उचाइ र पहिचान दिलायो । 'असम्भव' शब्दलाई चुनौती दिँदै सन् २०१९ मा केवल छ महिना छ दिनमा संसारका आठ हजार मिटरभन्दा अग्ला १४ वटै हिमाल आरोहण गरी 'प्रोजेक्ट पोसिबल'मार्फत उनले सिर्जना गरेको विश्वकीर्तिमान आज पनि इतिहासको पानामा स्वर्ण अक्षरले लेखिएको छ ।

हिउँदको कठयांग्रिँदो जाडोमा केटु हिमालको पहिलो ऐतिहासिक आरोहण गर्ने १० जना नेपाली टोलीको सफल नेतृत्व होस् वा सगरमाथाबाट स्काई डाइभ गरेर साहसिक पर्यटनको प्रवर्द्धन गर्ने कार्य- निम्स दाइले सधैं नेपाल र नेपालीको नाम विश्वमा उँचो राख्ने काम गरे । उनी केवल आरोहीमात्र थिएनन्; हिमालमा संकटमा परेका अन्य आरोहीहरूको ज्यान जोगाउन आफ्नो जीवन जोखिममा पार्ने एक कुशल उद्धारकर्ता र मुस्ताङ हेलिकोप्टरमार्फत देशको पर्यटन क्षेत्रमा योगदान दिने व्यवसायी पनि थिए । बेलायती महारानी एलिजाबेथ द्वितीयबाट प्राप्त एमबिई सम्मान उनको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय योगदानको जीवन्त प्रमाण हो ।

तर, नियतिको खेल कति क्रूर हुन्छ भन्ने कुरा ब्रोड पिकको यो घटनाले फेरि एकपटक सिद्ध गरिदिएको छ । चोयुबाहेक सबै १४ वटा आठ हजार मिटरभन्दा माथिका हिमाल दुईपटक विनाअक्सिजन आरोहण गर्ने अर्को अभूतपूर्व विश्वकीर्तिमान बनाउने लक्ष्यका साथ अघि बढेका निम्स दाइ, उनका सहकर्मी नेपाली आरोहीहरू- पुरबहादुर गुरुङ 'युक्त', निमा शेर्पा, किलीपेम्बा शेर्पा, ग्यालु शेर्पा, नवाङथिन्डु शेर्पा तथा विदेशी आरोहीहरू सोहेल शाखी (पाकिस्तान), वाङ झोङ (चीन), नादिरा अहमद (ओमान) र म्यालोरी गेइस (अमेरिका) लाई प्रकृतिको भीषण हिमपहिरोले सधैंका लागि हिमालकै काखमा लीन गरायो ।

ब्रोड पिकको छ हजार मिटरभन्दा माथिको उचाइबाट करिब ८०० मिटर तलसम्म बगाएको उक्त दर्दनाक दुर्घटनाले हामीलाई एउटा गम्भीर पाठ सिकाएको छ- प्रकृतिको अगाडि संसारकै उत्कृष्ट तयारी, अद्भूत अनुभव, अनुशासन र दृढ आत्मविश्वास पनि कहिलेकाहीँ अपूरो हुनपुग्छ । निम्स दाइ स्वयंले बेसक्याम्पबाट पहिलो पाइला चाल्नुअघि 'कुनै पनि हिमाललाई हल्का रूपमा लिनु हुँदैन र हिमालप्रतिको सम्मान नै सफल आरोहणको आधार हो' भनी व्यक्त गरेको भनाइले उनको प्रकृतिका नियमप्रतिको अगाध श्रद्धा दर्शाउँछ ।

यो दुर्घटनाले केवल १० जना साहसी व्यक्तिहरूको ज्यानमात्र लिएको छैन, नेपाली पर्वतारोहण क्षेत्रलाई एउटा कहिल्यै पूरै हुन नसक्ने क्षति पुऱ्याएको छ । विशेषगरी पाकिस्तानका हिमालहरूमा नेपाली शेर्पा र गाइडहरूको दक्षता र माग उच्च रहने गरेको अवस्थामा, यस्ता उच्च जोखिमयुक्त क्षेत्रमा खटिने आरोहीहरूको सुरक्षा, मौसम पूर्वानुमानको आधुनिक प्रविधि र तत्काल प्रभावकारी उद्धार संयन्त्रको महत्त्वबारे पुनः गम्भीर बहस सिर्जना गरेको छ ।

निम्स दाइ र उनको टोलीको यो भौतिक विछोडले देशभित्र र बाहिरका सम्पूर्ण हिमालप्रेमीहरूलाई भावविह्वल बनाएको छ । प्रधानमन्त्री, विभिन्न संघसंस्था र सर्वसाधारणले व्यक्त गरेका शोक सन्देशहरूले निम्स दाइले कमाएको राष्ट्रिय सम्मानलाई स्पष्ट पार्छ । 'भौतिक यात्रा रोकिए पनि उहाँहरूको साहस, समर्पण र योगदानको इतिहास सधैं जीवित रहने छ' भन्ने भनाइ सत्य हो ।

अन्त्यमा, नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र सम्बद्ध निकायहरूसँग म यसै पत्रमार्फत केही महत्त्वपूर्ण मागहरू राख्न चाहन्छुः

१. निम्स दाइलगायत देशको नाम विश्वसामु चिनाउने सबै दिवंगत आरोहीहरूको योगदानको उचित कदर गर्दै राष्ट्रिय सम्मान र स्मृति कोष वा अध्ययन संस्थानको स्थापना गरियोस् ।

२. जोखिमपूर्ण पर्वतारोहणमा खटिने नेपाली गाइड तथा आरोहीहरूका लागि उच्चस्तरीय बिमा, सुरक्षा कोष र परिवारको जीवनवृत्तिका लागि दिगो कल्याणकारी नीतिको व्यवस्था गरियोस् ।

३. जलवायु परिवर्तनका कारण हिमालहरूमा बढ्दै गएको अस्वाभाविक मौसम र हिमपहिरोको जोखिमलाई ध्यानमा राख्दै पर्वतारोहणअघि मौसम सम्बन्धी पूर्वसूचना र उद्धार प्रविधिलाई अझ आधुनिक र भरपर्दो बनाइओस् ।

सपना ठूलो देख्नुपर्छ र त्यसका लागि साहस पनि ठूलै हुनुपर्छ भन्ने सन्देश छाडेर गएका अमर आरोही निम्स दाइ र अन्य नौ जना दिवंगत आत्माहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु ।

**- नवराज खड्का**
म्हेपी, काठमाडौं



खुवा घोट्दै व्यवसायी | हेटौंडाको चुच्चेखोलामा खुवा घोट्दै व्यवसायी । चुच्चेखोलाको खुवा हेटौंडाको कोसेली बन्दै गएको छ । *तस्बिरः रासस*

# सामाजिक तथा धार्मिक सद्भाव कायम राख्न सर्वपक्षीय प्रतिबद्धता



**सुदूरपश्चिम–** धार्मिक तथा साम्प्रदायिक सद्भाव, सामाजिक एकता र शान्ति सुरक्षा कायम गर्न सामूहिक प्रतिबद्धता जनाइएको छ । कैलालीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीको अध्यक्षतामा आइतबार धनगढीमा भएको सर्वपक्षीय बैठकमा सरोकार भएकाहरूले सदियौंदेखि मिलेर बसेको समाजमा कुनै प्रकारका अवाञ्छित गतिविधि हुन नदिन मिलेर अगाडि बढ्ने प्रतिबद्धता जनाएका हुन् ।

बैठकमा राजनीतिक दल, हिन्दू, मुस्लिम, इसाईलगायत धार्मिक तथा समाजिक संस्थाका प्रमुख तथा प्रतिनिधिहरूले आ-आफ्नो क्षेत्रमा सामाजिक सद्भाव तथा सार्वजनिक हितका लागि क्रियाशील रहने बताए । प्रमुख जिल्ला अधिकारी रेग्मीले पूर्वी नेपाल र तराई-मधेसका केही जिल्लामा धार्मिक सद्भावविरोधी गतिविधि बढिरहेकाले त्यसको प्रभाव पर्न नदिन कैलालीमा उच्च सतर्कता अपनाइएको बताए । उनले सीमा क्षेत्रबाट हुने शंकास्पद गतिविधि र आवतजावत तथा जोखिम हुनसक्ने क्षेत्रमा प्रशासनले निगरानी गरिरहेको जानकारी दिँदै यसमा सबै पक्षको सहयोग आवश्यक रहेको बताए ।

हिन्दू, मुस्लिम र इसाई धर्मका अगुवाहरूले आफ्नो समुदायका व्यक्तिबाट कुनै पनि गलत क्रियाकलाप हुन नदिन आफूहरू सचेत रहेका तथा गलत कार्य गर्नेलाई कानुनअनुसार कारबाही हुनुपर्नेमा जोड दिए । बैठकले जिल्लाका सबै स्थानीय तहका प्रमुख तथा वडाध्यक्षको समन्वयमा उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकास्तरमा अन्तरधार्मिक तथा सामाजिक सद्भाव समन्वय समिति गठन वा पुनर्गठन गरी प्रभावकारीरूपमा परिचालन गर्ने निर्णय गरेको छ ।

यस्तै, कुनै एउटा धार्मिक समुदायको मात्र प्रतिनिधित्व हुनेगरी सकेसम्म धार्मिक सभा, जुलुस वा अन्य कार्यक्रम नगर्ने तथा गर्ने परे पूर्वस्वीकृति लिने, धार्मिक गतिविधिका क्रममा हतियार, लाठी, भालालगायतका सामग्री प्रदर्शन वा प्रयोग नगर्ने र अर्को समुदायको धार्मिक आस्थामा आघात पुग्ने गतिविधि नगर्ने सहमति भएको छ । कुनै व्यक्ति वा संस्थाले धार्मिक समुदायको बदनाम हुनेगरी सामाजिक सञ्जाल वा अन्य माध्यमबाट भ्रामक, उत्तेजक वा द्वेष फैलाउने सामग्री प्रचारप्रसार गरे कानुनबमोजिम कारबाही गर्ने बैठकले निर्णय गरेको छ ।

यसैगरी, जिल्लाको शान्ति सुरक्षा र अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन छिमेकी मुलुकबाट नेपाल प्रवेश गर्ने सम्पूर्ण यात्रुलाई अनिवार्यरूपमा परिचय खुल्ने परिचयपत्र देखाएर मात्र प्रवेश गर्न दिने र स्थानीय प्रशासनले सीमामा उच्च निगरानी गर्ने जनाइएको छ ।

यस्तै, कैलाली उद्योग वाणिज्य संघको अगुवाइमा शान्ति, सद्भाव, आपसी सम्मान र राष्ट्रिय एकताको सन्देश प्रवाह गर्न राजनीतिक दल, धार्मिक समुदाय, व्यावसायिक संघसंस्था, सञ्चारकर्मी, बुद्धिजीवी, नागरिक समाज तथा आमनागरिकको सहभागितामा सोमबार नागरिक सद्भाव र्‍याली आयोजना गर्ने निर्णय गरिएको छ । *रासस*

# कर्णालीमा मनाइयो दोस्रो राष्ट्रिय कोदो दिवस

**कर्णाली–** 'कोदो बालीको संरक्षण र प्रवर्द्धन, खाद्य तथा पोषण सुरक्षा संवर्द्धन' भन्ने मूल नाराका साथ 'दोस्रो राष्ट्रिय कोदो दिवस २०८३' कर्णालीमा पनि भव्यताका साथ सम्पन्न गरिएको छ ।

कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजना तथा विभिन्न साझेदार संघसंस्थाहरूको सहकार्यमा शनिबार सुर्खेत वीरेन्द्रनगरमा सम्पन्न दिवसका वक्ताहरूले कोदोप्रतिको दृष्टिकोण बदल्नुपर्नेमा जोड दिएका छन् । उक्त अवसरमा मन्त्रालयका सचिव सञ्जीवकुमार कर्णले हाम्रो मौलिक पहिचान र औषधीय गुण बोकेको कोदोलाई गरिबको खानाका रूपमा हेर्ने गरिएको बताए ।




उनले भने, 'कोदो केवल गरिबले खाने खाना होइन, यो खाद्य तथा पोषण सुरक्षा सुरक्षित गर्ने महत्त्वपूर्ण बाली हो । यसप्रति हेर्ने दृष्टिकोण बदल्न जरुरी छ । बरू यसको संरक्षण अपरिहार्य छ ।' कर्णालीलाई प्रांगारिक प्रदेशका रूपमा विकास गर्ने सरकारको अभियानमा कोदो र रैथाने बालीको उत्पादन वृद्धिले ठूलो सहयोग पुऱ्याउने सचिव कर्णले जिकिर गरे ।

मन्त्रालयकी बाली विकास अधिकृत विमलाकुमारी खनालले कोदोको उत्पत्ति, उत्पादन र उपभोगका बारेमा दिवसकै अवसरमा यसको प्रवर्द्धन, चुनौती र भावी कार्यदिशासम्बन्धी प्राविधिक सत्र तथा कार्यपत्र प्रस्तुतिकरणसमेत गरिएको बताइन् । कर्णालीमा रैथाने बाली कोदोको मौलिक पहिचान, व्यावसायिक विकास र उपभोग बढाउन कार्यक्रमबाट टेवा पुग्ने उनले बताइन् ।

प्रदर्शनीमा राखिएका कक्षहरूमा २० भन्दा बढी प्रकारका कोदोका स्वादिला र पौस्टिक परिकारहरू राखिएका थिए । स्टलमा कोदोको सेलरोटी, ढिँडो, मःमः, केक र बिस्कुटलगायतका आधुनिक र परम्परागत परिकार प्रदर्शन गरिएको थियो ।

कर्णाली प्रदेश अर्ग्यानिक क्षेत्रका उद्यम गर्दै आएका उद्यमी कमल नेपालीले कोदोबाट करिब दुई दर्जनभन्दा बढी प्रकारका स्वादिष्ट परिकार बनाउन सकिने बताए । कोदोको व्यावसायिक विविधीकरण गरेर बजारमा लैजान सके युवाहरूका लागि स्वरोजगारको ठूलो अवसर सिर्जना हुने र कर्णालीको अर्थतन्त्रमासमेत टेवा पुग्ने उनको भनाइ थियो । प्रदर्शनीमा कोदोको परम्परागत ढिँडोदेखि आधुनिक केकलगायत विभिन्न परिकार बनाएर राखिएको छ । *रासस*

### झापामा मानव-हात्ती द्वन्द्व

# १६ वर्षमा ८० जनाको ज्यान गयो

**भद्रपुर (झापा)–** झापामा मानव-हात्ती द्वन्द्व बर्सेनि बढ्दै गएको छ । पछिल्लो १६ वर्षको अवधिमा जंगली हात्तीको आक्रमणबाट ८० जनाले ज्यान गुमाएका छन् । डिभिजन वन कार्यालय भद्रपुरका अनुसार यस अवधिमा मानिससँगको द्वन्द्वमा २८ वटा हात्ती मारिएका छन् ।

डिभिजन वन कार्यालयका प्रमुख नथुनी यादवका अनुसार २०६७ असार ३ गतेदेखि २०८३ असार मसान्तसम्म जंगली हात्तीको आक्रमणबाट ७० नेपाली र १० जना गैरनेपालीको मृत्यु भएको अभिलेखमा उल्लेख छ । यो तथ्यांकले झापामा औसतमा हरेक वर्ष पाँच जनाले हात्तीको आक्रमणबाट ज्यान गुमाउने गरेका उनको भनाइ छ ।

कार्यालयका अनुसार २०८० साल सबैभन्दा बढी मानवीय क्षति भएको वर्ष हो । उक्त वर्ष हात्तीको आक्रमणबाट तीन महिलासहित आठ जनाको मृत्यु भएको कार्यालयको तथ्यांकमा उल्लेख छ । आर्थिक वर्ष २०८२/८३ मा भने छ जनाले ज्यान गुमाएका छन् । मृतकका परिवारलाई जनही १० लाख रूपैयाँका दरले राहत उपलब्ध गराइएको प्रमुख यादवले जानकारी दिए ।

अभिलेखअनुसार २०६७ मा दुई, २०६८ र २०६९ मा सात/सात, २०७० मा तीन, २०७१ मा दुई, २०७२ मा चार, २०७३, २०७४, २०७७, २०७८ र २०७९ मा पाँच/पाँच, २०७५ र २०७६ मा एक/एक, २०८० मा आठ, २०८१ मा चार, २०८२ र २०८३ को हालसम्म छ जनाको मृत्यु भइसकेको छ । २०६७ सालदेखि हालसम्म १० जना गैरनेपालीको हात्तीको आक्रमणबाट मृत्यु भएको उनले जानकारी दिए ।

मानिसमात्र होइन, मानव-हात्ती द्वन्द्वको असर हात्तीमा पनि उत्तिकै परेको प्रमुख यादवले बताए । कार्यालयका अनुसार २०६२ सालदेखि हालसम्म २८ वटा जंगली हात्ती मारिएका छन् । सबैभन्दा बढी २०८२ सालमामात्रै छ वटा हात्ती मारिएका उनले जानकारी दिए ।

प्रमुख यादवका अनुसार वन क्षेत्रको अतिक्रमण, मानव बस्तीको विस्तार, कृषिबालीतर्फ हात्ती आकर्षित हुनु तथा परम्परागत हात्ती मार्ग अवरुद्ध हुँदै जानु मानव-हात्ती द्वन्द्व बढ्नुका प्रमुख कारण हुन् । उनले द्वन्द्व न्यूनीकरणका लागि स्थानीय तह, सुरक्षा निकाय र समुदायसँगको समन्वयमा सचेतनामूलक कार्यक्रम, निगरानी र उद्धारका गतिविधि सञ्चालन भइरहेको बताए । *रासस*

# स्रोत नखुलेको भारतीय रकमसहित दुई जना नियन्त्रणमा

**वीरगञ्ज (प्रस)–** प्रहरीले स्रोत नखुलेको भारतीय रकमसहित दुई जनालाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय मातहतको इलाका प्रहरी कार्यालय जानकी टोलबाट खटिएको प्रहरीले विशेष सूचनाका आधारमा पर्साको जगरनाथपुर गाउँपालिका-२ नहर सडकखण्डमा ना१०प ४४६९ नम्बरको मोटरसाइकलमा जाँच गर्दा स्रोत नखुलेको भारतीय रकम भेटिएको हो ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले मोटरसाइकलमा सवार मकवानपुरको राक्सिराङ गाउँपालिका-२ घर भई चितवनको माडी नगरपालिका-९ हनुमानझुला बस्ने ४२ वर्षीय दिपेश हिमडुङ र सोही स्थानका २६ वर्षीय तिलक हिमडुङलाई खानतलासी गर्दा निजहरूका साथबाट स्रोत नखुलेको प्रतिबन्धित भारतीय रकम फेला परेको जानकारी दिए ।

उनका अनुसार ५०० रूपैयाँ दरका नोट ३१६ थान, २०० रूपैयाँ दरका ७५ थान नोट, १०० रूपैयाँ दरका नोट ३६५ थान भारतीय रकम फेला परेकाले प्रतिबन्धित भारतीय नोटसहित दिपेश र तिलकलाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको उनले बताए । निजहरूका साथबाट ना१०प ४४६९ नम्बरको मोटरसाइकल पनि बरामद गरिएको उनको भनाइ छ ।

# प्रदेशका ९१ स्थान दुर्घटनाका हिसाबले जोखिमयुक्त

**चितवन–** बागमती प्रदेशका उपत्यकाबाहेकका १० जिल्लाका ९१ स्थान दुर्घटनाका हिसाबले जोखिमयुक्त रहेका छन् । नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर, चितवनले सार्वजनिक गरेको त्रिवर्षीय तथ्यांकअनुसार बागमती प्रदेशमा सवारी दुर्घटना गम्भीर सुरक्षा चुनौतीका रूपमा देखिएको हो ।

भौगोलिक हिसाबले चितवन, धादिङ र मकवानपुर जिल्ला दुर्घटनाका लागि अत्यधिक संवेदनशील मानिएका छन् । प्रदेशभर रहेका ९१ वटा जोखिमयुक्त 'ब्ल्याक स्पट' मध्ये चितवनमा १७, धादिङमा १६, सिन्धुलीमा १४ र मकवानपुरमा १२ वटा रहेका छन् । काभ्रेपलाञ्चोकमा ११, नुवाकोट आठ, रसुवा र रामेछापमा चार/चार, सिन्धुपाल्चोकमा तीन र दोलखामा दुई वटा स्थान जोखिमयुक्त रहेका कार्यालयका प्रमुख प्रहरी उपरीक्षक डिल्लीनारायण पाण्डेले जानकारी दिए ।

उनका अनुसार दुर्घटनामा परी पाँच जनाभन्दा बढीको मृत्यु भएको स्थानलाई जोखिमयुक्त स्थानका रूपमा लिइएको हो । विगत तीन आर्थिक वर्षमा भएका पाँच हजार ८७२ सवारी दुर्घटनामा परी ९५९ जनाले ज्यान गुमाएका छन् भने ११ हजार ६९९ जना घाइते भएका छन् ।

आव २०८०/८१ मा ३१५, आव २०८१/८२ मा ३०४ र आव २०८२/८३ मा ३४० जनाको ज्यान गएको छ । गत आवमामात्रै भएका एक हजार ९२४ दुर्घटनामध्ये एक हजार ११४ राजमार्गमा, ५३९ ग्रामीण र २७१ वटा सहरी क्षेत्रमा भएका उनको भनाइ छ । दिउँसो १२:०० बजेदेखि बेलुका ६:०० बजेको समय दुर्घटनाका दृष्टिले सबैभन्दा बढी जोखिमयुक्त देखिएको उनले जानकारी दिए ।

प्रदेशका १० जिल्लाको १४ हजार ४५६ किलोमिटरभन्दा बढी सडकसञ्जाल र एक लाख ७३ हजारभन्दा बढी सवारीसाधन व्यवस्थापनका लागि ३३२ जना ट्राफिक प्रहरी कार्यरत रहेका प्रहरी उपरीक्षक पाण्डेले जानकारी दिए । उनका अनुसार एक जना ट्राफिक प्रहरीले औसत ४३.५५ किलोमिटर सडक र ५५२ वटा सवारीसाधनको निगरानी गर्नुपर्ने बाध्यता छ ।

सीमित जनशक्तिका बाबजुद ट्राफिक नियम पालनामा कडाइ गर्दै गत वर्ष ९० हजार ९८३ सवारीलाई कारबाही गरी नौ करोड तीन लाख रूपैयाँभन्दा बढी राजस्व संकलन गरिएको छ । दुर्घटना न्यूनीकरणका लागि स्पिड गन, एएनपिआर क्यामरा, डिजिटल इचलान र 'ट्रान्सपोर्ट कम्युनिकेसन एप'जस्ता प्रविधिको प्रयोग बढाउनुका साथै २६ हजारभन्दा बढी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको उनले जानकारी दिए । *रासस*

# श्रमदानबाट सडक सुरक्षित बनाउन जुटे स्थानीय

**भद्रपुर (झापा)–** झापाको राजगढ बजारदेखि घोडामारा बजारसम्म सडक किनारमा फैलिएको झाडीका कारण दुर्घटनाको जोखिम बढेपछि स्थानीय युवा आफैं श्रमदान गर्न जुटेका छन् । सम्बन्धित निकायलाई पटक-पटक जानकारी गराउँदा पनि व्यवस्थापन नभएपछि उनीहरूले सडक किनारका झाडी र बुट्यान हटाएर शनिबारबाट सडकलाई सुरक्षित बनाउने अभियान सञ्चालन गरेका हुन् ।

राजगढदेखि घोडामारा बजारसम्म सञ्चालन गरिएको श्रमदान अभियानमा स्थानीय बासिन्दा, व्यापारी, शिक्षक, विद्यार्थी, नेपाल प्रहरी, सशस्त्र प्रहरी, विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधि तथा जनप्रतिनिधिको सहभागिता थियो । अभियानअन्तर्गत सडक किनारमा फैलिएका झाडी, बुट्यान र अनावश्यक घाँस हटाएर सडकलाई सफा र व्यवस्थित बनाइएको छ ।

अभियानमा सहभागी युवाहरूका अनुसार सडक किनारमा बढेका झाडीका कारण मोड तथा साँघुरा स्थानमा सवारीसाधन देख्न कठिन हुने, जसले दुर्घटनाको जोखिम बढाएको थियो । श्रमदानपछि सडकको दृश्यता बढेको र सवारी चालक तथा यात्रीलाई आवागमनमा सहज भएको छ ।

अभियानमा सहभागी एक स्थानीय युवा विवेक राजवंशीले भने, 'सुरक्षित सडकका लागि सरकारी निकायकोमात्र प्रतीक्षा गर्नु हुँदैन । समुदाय आफैं अग्रसर हुँदा स्थानीय समस्या छिट्टै समाधान गर्न सकिन्छ भन्ने सन्देश दिन हामी श्रमदानमा जुटेका हौं ।' *रासस*

**कुवेतमा रोजगार** कम्पनी : CASA SPA LOUNGE LADIES BEAUTY CO.

पूर्व स्वीकृति मिति : २०३२/04/१७ | LT. No. 345938 | चलानी नं. ६०२५९१४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nail Technician. | 0 | 20 | 150 | ७३,७७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 407/060/61
Seagull International Global H.R. Consultants Pvt. Ltd.
Sukedhara, Kathmandu, Nepal, Tel: 01-4375822/4375824, Mob: 9841781155, 9808818851, 9851015421, 9746458492,9761489786 9841781155, E-mail : cm.seagull55@gmail.com, Web: www.seagullnepal.com.np

**कुवेतमा रोजगार** कम्पनी : NIELD CORNER LADIES BEAUTY SALON COMPANY

पूर्व स्वीकृति मिति : २०८३/04/१७ | LT. No. 345951 | चलानी नं. ६०२५९१३६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 0 | 2 | 140 | ६८,८६१ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Car Driver (Light) | 2 | 0 | 150 | ७३,७७९ | | | | | | | |
| 3. | Hair Dress/hair Stylist | 0 | 2 | 150 | ७३,७७९ | | | | | | | |
| 4. | Manicure & Pedicure Beautician | 0 | 2 | 150 | ७३,७७९ | | | | | | | |
| 5. | Nail Technicial(Manicurist/pedicurist) | 0 | 2 | 150 | ७३,७७९ | | | | | | | |

कम्पनी : ROTTI SPECIALTY COMPANY FOR LIGHT MEALS

पूर्व स्वीकृति मिति : २०८३/04/१७ | LT. No. 345950 | चलानी नं. ६०२५९१३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 0 | 150 | ७३,७७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# प्रभाव दैनिक




## 'माया भनेकै यस्तो होला'को शीर्ष गीत सार्वजनिक

आगामी भदौ २६ गतेबाट प्रदर्शन हुने चलचित्र 'माया भनेकै यस्तो होला'को शीर्ष गीत सार्वजनिक भएको छ । निर्माण टिमले शुक्रबार काठमाडौंमा कार्यक्रम आयोजना गर्दै गीत सार्वजनिक गरेको हो । गीतमा प्रशान्त शिवाकोटीको शब्द तथा संगीत छ । स्वर प्रशान्त शिवाकोटी र विज्ञानी पराजुलीको छ । एकै नजरमा बसेको प्रेम र त्यसपछिको परिकल्पना गीतमा समेटिएको छ । यो चलचित्रलाई रेखा थापाले निर्देशन गरेकी छन् ।




सोमबार, १८ साउन २०८३ (Monday, 03 August 2026)

# मिस नेपाल-२०२६ को उपाधि विजेता ढकाललाई एनआरएनएको बधाइ



■ प्रभाव संवाददाता

**काठमाडौं–** मिस नेपाल-२०२६ को उपाधि जित्न सफल दीपमाला ढकाललाई गैरआवासीय नेपाली संघ (एनआरएनए)ले बधाइ तथा शुभकामना व्यक्त गरेको छ । संघको अन्तर्राष्ट्रिय समन्वय परिषद्की 'सेकेण्ड जेनेरेसन को-अर्डिनेटर' रहेकी ढकालले शनिबार सम्पन्न प्रतियोगिताको उपाधि जितेकी थिइन् ।

यो उपलब्धि केवल व्यक्तिगत सफलतामा सीमित नभई विश्वभर रहेका गैरआवासीय नेपाली समुदाय, विशेषतः दोस्रो पुस्ताका नेपाली युवापुस्ताका लागि प्रेरणा, आत्मविश्वास र नेपाली पहिचानप्रतिको गौरवको प्रतीक बनेको संघले जनाएको छ । 'यस सफलताले विश्वभरिका दोस्रो पुस्ताका नेपालीलाई आफ्नो भाषा, संस्कृति, मूल्य-मान्यता र मातृभूमिसँग अझ सशक्तरूपमा जोडिन प्रेरित गर्ने विश्वास लिएका छौं,' संघका प्रवक्ता सोमनाथ सापकोटाले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ ।

संघले मिस वर्ल्डको अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधित्व गर्ने आगामी यात्राका लागि ढकाललाई शुभकामना व्यक्त गरेको छ । 'विश्वसामु नेपालको समृद्ध कला, संस्कृति, पर्यटन, विविधता र राष्ट्रिय पहिचानलाई प्रभावकारीरूपमा प्रवर्द्धन गर्दै नेपालको सकारात्मक छवि उजागर गर्न सफल हुनुहुने छ भन्ने विश्वास छ,' विज्ञप्तिमा भनिएको छ, 'यहाँको सहभागिताले नेपाल र विश्वभर रहेका गैरआवासीय नेपाली समुदायबीचको सम्बन्धलाई अझ सुदृढ बनाउँदै दोस्रो पुस्तामा नेपालीपनप्रतिको अपनत्व र गर्वलाई थप उचाइमा पुऱ्याओस् भन्ने हार्दिक शुभेच्छा व्यक्त गर्दछौं ।'

# साहित्यकार शाहीको 'आमा र आँसु' कथासंग्रह लोकार्पण

**कर्णाली (प्रस)–** साहित्यकार वसन्ती शाहीद्वारा लिखित कथासंग्रह 'आमा र आँसु' तथा कविता संग्रह 'यादका थुंगाहरू' लोकार्पण गरिएको छ ।

फ्युचर नेपालद्वारा शनिबार सुर्खेत वीरेन्द्रनगरमा आयोजित लोकार्पण समारोहमा कर्णाली प्रदेश प्रमुख यज्ञराज जोशीले कथा तथा कविता संग्रह लोकार्पण गरेका हुन् । लोकार्पण समारोहमा प्रदेश प्रमुख जोशीले कर्णालीको दुवै कृतिले कर्णालीको यथार्थ चित्रण गरेको बताए । मुलतः कर्णाली र सुदूरपश्चिम दुवै प्रदेशका महिलाहरूको वास्तविक पीडा, वेदना र भोगाइलाई यथार्थवादी तवरले कृतिमा उल्लेख गरिएको उनले उल्लेख गरे ।

प्रदेश प्रमुख जोशीले भने, 'विशेषगरी कर्णालीको समसामयिक विषय, कुरीति, कुसंस्कार, कुप्रथा, विकृति, विसंगति संग्रहमा समेटिएको छ । साहित्यकार शाहीले कर्णालीका महिलाका पीडा र विकासलाई कृतिका माध्यमबाट सन्देश दिन खोज्नुभएको छ ।'

समारोहमा पूर्वप्रहरी नायब महानिरीक्षक महेशविक्रम शाह, डा नवराज केसी, डा. महेन्द्रकुमार मल्ल र पत्रकार ज्योति कटुवालले कथा तथा कविता संग्रहका साथै साहित्यकार शाहीले लेखकीय क्षेत्रबाट खेलेको भूमिकाबारे टिप्पणी गरे । टिप्पणीकर्ताहरूले दुवै कृति निकै सरल, सहज, सामान्य भाषाशैलीमा कृति सिर्जता गर्न साहित्यकार शाही सफल भएको बताए । कर्णाली प्रदेशका पूर्वमुख्यमन्त्री जीवनबहादुरले कर्णालीमा साहित्य रचना गर्ने सीमित महिलामध्ये शाही एक भएको बताए ।

समारोहमा साहित्यकार शाहीले आफ्नो भोगाइ र सिकाइबारे जानकारी दिँदै हुम्लाकी महिलाले भोगेको पीडा आफूले पनि भोगेको बताए । लोकसेवा आयोग कर्णाली प्रदेश सुर्खेतको कार्यवाहक अध्यक्षसमेत रहेकी कथाकार शाहीले कर्णालीकी बुहारी, समय सकस गैरआख्यान लेखिसकेकी छन् । साहित्यकार शाहीको 'आमा र आँसु' कथा संग्रहमा १४ वटा कथा समेटिएका छन् भने तथा 'यादका थुंगाहरू' कविता संग्रहमा ८२ वटा कविता समेटिएका छन् ।

# सिंहको कवितासंग्रह 'लोकतन्त्रको अस्मिता' लोकार्पण

**काठमाडौं (प्रस)–** कवि मणिराज सिंहको कवितासंग्रह 'लोकतन्त्रको अस्मिता'को लोकार्पण गरिएको छ। ज्योति साहित्य प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा लोकसंस्कृतिविद् प्रा. तुलसी दिवसले सो पुस्तकको विमोचन गरेका हुन् ।

साहित्यकार दिवसले कवि सिंह विचारको अग्निशिखा बोकेर हिँड्ने सचेत कवि भएको बताउँदै कवितालाई कोठाको विलासिताबाट निकालेर सडकको यथार्थ र जनजीवनको धड्कनसम्म पुऱ्याउनुपर्ने धारणा राखे ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वउपकुलपति प्रा.डा. विष्णुविभु घिमिरेले सिंहका कविता बौद्धिक र नयाँ पुस्तालाई प्रेरित गर्ने खालको भएको बताए । प्रतिष्ठानका पूर्वसदस्यसचिव डा. तुलसीप्रसाद भट्टराईले कृतिकार सिंह साहित्यिक सिर्जना, संस्थागत नेतृत्व र नयाँ स्रस्टालाई मार्गदर्शन गर्ने कार्यमा निरन्तर सक्रिय रहेको बताए ।



पुस्तकमाथि समीक्षा गर्दै प्रा.डा. भरतकुमार भट्टराई र डा. रमेश शुभेच्छुले विम्ब, प्रतीक र अलङकार दृष्टिले कृति सशक्त रहेको टिप्पणी गरे । कार्यक्रममा स्रस्टाहरू उषा शेरचन, सुनिता अधिकारी, योगाज राजन कविराज, रचिता दाहाल, कल्पना मरासिनी तथा बुद्धिमान महर्जनले 'लोकतन्त्रको अस्मिता'बाट कविता वाचन गरेका थिए ।

सो अवसरमा 'नेपाली सरोकार' मासिककी प्रकाशक/सम्पादक रमा वली र 'गृष्मा ग्राफिक प्रेस'का अध्यक्ष घननारायण श्रेष्ठलाई सम्मान गरिएको थियो ।

## रंगशाला

### २०औं एसियाली खेलकुद

# कञ्चनपुरका नौ खेलाडी मैदानमा

**महेन्द्रनगर–** जापानमा आयोजना हुने आगामी २०औं एसियाली खेलकुद (एसियाड) मा नेपालको प्रतिनिधित्व गर्दै व्यक्तिगत र समूह खेलमा गरेर कञ्चनपुरका नौ जना खेलाडी सहभागी हुँदै छन् ।

सुदूरपश्चिममा खेलाडी उत्पादन गर्ने जिल्लाका रूपमा परिचित कञ्चनपुरबाट उत्पादन भएका महिला तथा पुरुष गरी नौ जना खेलाडी र तीन प्रशिक्षक एसियाली खेलकुद प्रतियोगितामा परेका छन् । एसियाली खेलकुदमा पुरुष र महिला कबड्डी खेलमा प्रमुख प्रशिक्षकको भूमिकामा विष्णुदत्त भट्टसहित राष्ट्रिय कबड्डी टिम अहिले भारतको हरियाणामा प्रशिक्षणमा छन् । एसियाली खेलको तयारीका लागि हाल अन्तर्राष्ट्रिय अभ्यासमा रहेको महिला कबड्डीमा कञ्चनपुरको उपस्थिति बलियो छ । १९औं एसियाली खेलकुदमा पनि नेपालको महिला कबड्डीले कास्यपदक जितेको थियो ।

कबड्डीका प्रमुख प्रशिक्षक भट्टले भारतको हरियाणामा नेपाली टिम डेढ महिनासम्म प्रशिक्षण गर्ने जानकारी दिए । 'दुवै टिमको पदक ल्याउने सम्भावना उच्च छ,' उनले भने, 'विगतमा पनि अनुभव लिइसकेका खेलाडी सहभागी छन्, मिहेनत पनि गरिरहेका छौं ।'

२०औं एसियाली खेलकुदमा महिला कबड्डी टिममा कञ्चनपुरका मानमति विष्ट, रबिना चौधरी, जयन्ती बडु र मनिषा जोशी छन् । १९औं एसियालीमा कञ्चनपुरका छ खेलाडी प्रतिस्पर्धामा सहभागी थिए । तीमध्ये आसन्न एसियालीमा यहाँबाट रविना, जयन्ती र मानमति पुनः छनोट भएर प्रतियोगिताको तयारीमा व्यस्त छन् ।

नेपालको कबड्डीको इतिहासमा कञ्चनपुरसहित सुदूरपश्चिमको योगदान शीर्षस्थानमा रहेको जिल्ला खेलकुद समिति कञ्चनपुरका अध्यक्ष ज्ञानेन्द्रबहादुर सिंहले बताए । उनले भने, 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा हाम्रो उपस्थिति दशकौंदेखि रहँदै आएको छ ।' उनले पछिल्लो समय खेल संरचनाको विकासमा विशेष जोड दिनुका साथै खेलाडीको हकहितका लागि समिति लागिपरेको बताए ।

त्यसैगरी, २०औं एसियालीमा पुरुष कबड्डी टिममा पनि कञ्चनपुरका तीन खेलाडी छनोट भएर प्रशिक्षणमा छन् । पुरुष कबड्डी टिममा प्रकाश गिरी, सुरज बोहरा र अशोक जोशी छन् । आसन्न एसियाली खेलकुदको तयारीअन्तर्गत नेपालको कुस्ती टोली पनि अन्तर्राष्ट्रिय अभ्यासका लागि भारतको अयोध्यास्थित नन्दनीनगरमा छ । दुई महिनाको अभ्यासका लागि कुस्ती प्रशिक्षक राजेन्द्रबहादुर चन्द छ जना खेलाडीसहित त्यहाँ पुगेका हुन् ।

20th Asian Games
Aichi-Nagoya 2026

कुस्ती प्रशिक्षक चन्दले यसपटक एसियाली खेलकुदमा नेपालको कुस्ती टिमको जिम्मेवारी पाएको बताउँदै भने, 'छ खेलाडीमध्ये दुई जना कञ्चनपुरको उत्पादन हुन्,' उनले भने, 'भारतमा अनुभवी खेलाडीहरूसँग हाम्रो टिमले नियमित अभ्यास गर्न पाउँदा आसन्न प्रतियोगितामा पदकको आशा गरेका छौं ।'

लामो समय कञ्चनपुरको प्रतिनिधित्व गर्दै कुस्तीमा आफ्नो उमेर समूहमा अब्बल बनेका सुरेश चुनारा र शिवांगी दुबै उक्त टोलीमा छन् । 'अहिले दुवै जना नेपाली सेनाको त्रिभुवन क्लबसँग आबद्ध छन्,' प्रशिक्षक चन्दले भने, 'सबै खेलाडी कडा मिहेनतका साथ लगनशील भएर प्रशिक्षणमा जुटेका छन् ।' उनका अनुसार सुरेश ७४ किलो तौल समूह र शिवांगी ५७ किलो तौल समूहमा एसियाली खेलकुदमा प्रतिस्प्रर्धा गर्ने छन् । सुरेशको यो तेस्रो एसियाली खेलकुदमा सहभागिता हो भने, शिवांग पनि एसियालीमा दोस्रो अवसर हो ।

आगामी सेप्टेम्बर १९ तारिखदेखि अक्टोबर ४ तारिखसम्म जापानको नागोया र आइची सहरमा 'एसियन गेम्स' आयोजना हुने एसियाली खेलकुदमा नेपालकोतर्फबाट २३ वटा खेलको प्रतिनिधित्व गर्दै खेलाडी सहभागी हुने छन् । कम खेलमा अन्तर्राष्ट्रिय अभ्यास खेलाडीले गरिरहेका भए पनि धेरै खेलाडी आन्तरिक तयारी तथा प्रशिक्षणमा छन् ।

त्यसैगरी महिला भलिबल टिमको नेतृत्व गरेर कञ्चनपुर घर भएका भलिबल प्रशिक्षक जगदीशप्रसाद भट्ट पनि एसियालीमा सहभागी हुने छन् । लामो समय कञ्चनपुरमा भलिबल खेलाडी उत्पादनका साथै सुदूरपश्चिममा आधुनिक भलिबल प्रशिक्षण केन्द्र स्थापनामा उनको योगदान रहेको छ । *रासस*


**साउदीमा रोजगार** कम्पनी : DAR DASMAN CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८३/08/१७ LT. No. 345948 चलानी नं. ६०२५९१३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 2 | 0 | 1000 | ४०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २६ गते (11th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९०४/०६७/०६८

DECENT EMPLOYMENT PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104, Contact Person Dhurba Thapa ( 9802360733)
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np

**साउदीमा रोजगार** कम्पनी : SHIM AL-KHAIR TRANSPORT COMPANY शहर : Riyadh Kingdom of Saudi Arabia

पूर्व स्वीकृति मिति : २०८३/08/१३ LT. No. 345762 चलानी नं. ६०२५८९९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LOADING & UNLOADING WORKER | 6 | 0 | 1000 | ४०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074

DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Mob: 970-9094570, 9808248185, E-mail : deepjyotimanpowerservice@gmail.com, Web: deepjyotimanpower.com.np

**युएइमा रोजगार** कम्पनी : AL ABERAH ELECTRICAL AND MECHANICAL WORKS

पूर्व स्वीकृति मिति : २०८३/08/१७ LT. No. 345962 चलानी नं. ६०२५९१९६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Technician/telecommunication | 10 | 0 | 1200 | ४९,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Building Labor | 25 | 0 | 1000 | ४१,४१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १०५०/०७३/०७४

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com

**कतारमा रोजगार** कम्पनी : VERMINEX PEST CONTROL

पूर्व स्वीकृति मिति : २०८३/08/१७ LT. No. 34595 चलानी नं. ६०२५९१६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pest Control Technician | 4 | 0 | 1200 | ५०,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११७७/०७३/०७४

Pari Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448, Mob: 9813231220, 9802313931, 9851135073, 9808265177, 9806594218, 9841191699, 9841142488, 9861252520, 9851050223, Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com

**कतारमा रोजगार** कम्पनी : ASAS SECURITY SERVICES SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०९/२८ पुन: विज्ञापन स्वीकृति मिति : २०८३/08/१७ LT. No. 337858 चलानी नं. ६०.२५१३५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 32 | 0 | 1700 | ६३,२८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

J.K. OVERSEAS PVT. LTD.
Sukedhara-4, Kathmandu, Nepal, Tel: +977-4548016, Jiwan Thapa, 9851055504
E-mail: jkoverseasnepal@gmail.com, jkoverseasoffice@gmail.com, Website: jkoverseas.com.np
श्रम इजाजत नं. १७२०/०६१/०६२

**साउदीमा रोजगार** कम्पनी : AL-TAHTHEEB SCHOOLS FOR GIRLS

पूर्व स्वीकृति मिति : २०८३/08/१७ LT. No. 345953 चलानी नं.

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaner | 15 | 0 | 1000 | ४०,७५३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HERA OVERSEAS PVT. LTD.
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम ईजाजत नं. ५०१/०६१/०६२

**ओमनमा रोजगार** कम्पनी : MUSCAT INTERNATIONAL PARADISE शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८२/04/१५ LT. No. 345697 चलानी नं. ६०२५९१२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Juice Maker | 1 | 0 | 130 | ५१,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Barista | 1 | 0 | 150 | ५९,३२० | | | | | | | |

कम्पनी : NASSER BIN SALEM BIN MUREIH AL-RAWAHI TRADING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/04/१५ LT. No. 345889 चलानी नं. ६०२५९१३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cafe Waiter | 1 | 0 | 140 | ५५,३६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
इ.प.नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : Abdulla Asur Din Miya 981-3048932, E-mail : alkausar.hrm@gmail.com

**जापानमा रोजगार** कम्पनी : THE MIE KUMANO-KODO SOCIETY OF COMMERCE AND INDUSTRY

पूर्व स्वीकृति मिति : २०८३/08/१७ LT. No. 342768 चलानी नं. ६०२५९१४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 1 | 2 | 168979 | १,६१,३७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TOKAI ICHI KEIEI SIEN KYODO KUMIAI

पूर्व स्वीकृति मिति : २०८३/08/१७ LT. No. 345296 चलानी नं. ६०२५९१४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Machine OPERATOR | 2 | 0 | 198020 | १,८९,११० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ साउन २५ गते (10th Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १२६४/०७४/०७५

ALL RAHIM MANPOWER PVT. LTD.
Sarbeswori Marga, Mandikhatar, Budhanilakantha, Head office, Kathmandu, Nepal, Tel : 01 4544419, 01 4544429, Mob : 9803922236
E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com.np



दक्षिणपश्चिम फ्रान्सको जंगलमा लागेको आगोको समयमा ब्लागन नजिकै जलेको जंगलमा हिंड्दै एक अग्निनियन्त्रक । *तस्बिरः एपी*

# नाज्का लाइन्स दृश्यावलोकन उडान दुर्घटना, १३ जनाको मृत्यु



**बोगोटा–** पेरुको नाज्का सहरनजिक शनिबार युरोपेली पर्यटक बोकेको एउटा विमान दुर्घटनाग्रस्त हुँदा १३ जनाको मृत्यु भएको स्थानीय अधिकारीले बताएका छन् । उक्त विमान प्रसिद्ध 'नाज्का लाइन्स'को दृश्यावलोकन गराउन उडाइएको थियो ।

नाज्का नगरपालिकाका अनुसार विमान नजिकैको इका सहरबाट उडेको थियो । पेरुभियाली कम्पनी एरोडियानाद्वारा सञ्चालित उक्त विमानले विगत १४ वर्षदेखि 'सेसना ग्रान्ड क्याराभान' विमानमार्फत नाज्का लाइन्समाथि दृश्यावलोकन उडान सञ्चालन गर्दै आएको कम्पनीले जनाएको छ ।

नाज्का लाइन्स पेरुका प्राचीन बासिन्दाले मरुभूमिमा कुँदेर बनाएका विशाल भू-चित्रहरूको समूह हो । जनावरका आकृतिमा रहेका यी भू-चित्रहरू विमान वा विशेष दृश्यावलोकन टावरबाट मात्र स्पष्ट रूपमा देख्न सकिन्छ ।

पेरुको यातायात मन्त्रालयका अनुसार दुर्घटनामा १८ देखि ५४ वर्ष उमेर समूहका सात इटालियन, ५२ वर्षका दुई स्पेनी तथा ७७ र ७८ वर्षका दुई जर्मन नागरिकको मृत्यु भएको छ । साथै, पाइलट अमेरिको सालाजार र सहपाइलट इरेन्का गुआनिलो डेल कार्पियोको पनि ज्यान गएको मन्त्रालयले जनाएको छ ।

राष्ट्रपति केइको फुजिमोरीले दुर्घटनाप्रति दुःख व्यक्त गर्दै नाज्का विमानस्थलको अस्थायी सञ्चालन स्थगन गर्ने विषयमा सम्बन्धित मन्त्रालयहरूको प्रतिवेदनपछि निर्णय गरिने बताएका छन् । पेरुभियाली अधिकारीहरूले दुर्घटनाको कारणबारे अनुसन्धान सुरु गरिएको बताएका छन् । एरोडियाना कम्पनीले भने घटनाबारे तत्काल कुनै प्रतिक्रिया दिएको छैन । *रासस/एपी*

## इराक र टर्कीबीच सेहान बन्दरगाह हुँदै तेल निर्यात गर्ने सम्झौता

**बग्दाद–** इराकले टर्कीसँग इराक-टर्की पाइपलाइनमार्फत कच्चा तेल टर्कीको सेहान बन्दरगाहसम्म ढुवानी गरी निर्यात गर्ने एक वर्षे सम्झौता गरेको छ । इराकको तेल मन्त्रालयले शनिबार यसबारे जानकारी दिएको हो ।

मन्त्रालयका अनुसार सम्झौताअन्तर्गत इराकले उक्त पाइपलाइनमार्फत दैनिक कम्तीमा सात लाख ५० हजार ब्यारेल कच्चा तेल निर्यात गर्ने छ । इराकी तेलमन्त्री बासिम मोहम्मद खुदैरले सम्झौता कार्यान्वयनका लागि दुवै देशका सम्बन्धित कम्पनीले काम सुरु गर्ने बताएका छन् ।

इराकी प्रधानमन्त्री अली अल-जैदीले सामाजिक सञ्जाल 'एक्स' मा दुवै देशले तेल, विद्युत्, जलस्रोतलगायत आपसी हितका क्षेत्र समेटिएको विस्तृत सहकार्यको ढाँचा तयार गर्ने प्रक्रियालाई अघि बढाउने बताएका छन् ।

टर्कीका ऊर्जा तथा प्राकृतिक स्रोतमन्त्री अल्पार्सलान बायराक्तारले सेहान बन्दरगाह हुँदै विश्वबजारमा इराकी तेल पुऱ्याउने पाइपलाइन क्षेत्रीय तथा विश्वव्यापी ऊर्जा आपूर्ति सुरक्षाका दृष्टिले रणनीतिक महत्त्वको रहेको बताए ।

सेहानमार्फत इराकी तेल निर्यातसम्बन्धी दशकौं पुरानो सम्झौताको अवधि सोमबार सकिएपछि नयाँ सम्झौता गरिएको हो । 'स्ट्रेट अफ होर्मुज'मा बढ्दो क्षेत्रीय तनावले ढुवानीमा असर पार्न सक्ने अवस्थाबीच इराकले तेल निर्यातका वैकल्पिक मार्ग सुरक्षित गर्ने प्रयास गरिरहेको छ ।

कच्चा तेल निर्यात इराकको अर्थतन्त्रको प्रमुख आधार हो । तेलबाट हुने आम्दानीले देशको कुल राजस्वको करिब ९० प्रतिशत हिस्सा ओगट्ने गर्छ । *रासस/सिन्ह्वा*

## अत्यधिक गर्मीका कारण हंगेरीको आणविक ऊर्जा केन्द्र बन्द हुने

**बुडापेस्ट–** डच्यान्युब नदीको पानीको सतह कीर्तिमानी रूपमा घटेपछि हंगेरीले ४४ वर्षपछि पहिलोपटक आफ्नो एकमात्र आणविक ऊर्जा केन्द्र बन्द गर्ने भएको छ । प्रधानमन्त्री पिटर म्याग्यारले आइतबार यसबारे जानकारी दिएका हुन् ।

युरोपभर लामो समयदेखि जारी खडेरी र अत्यधिक गर्मीका कारण उत्पन्न ऊर्जा संकटको पछिल्लो प्रभावका रूपमा हंगेरीले पाक्स आणविक ऊर्जा केन्द्र बन्द गर्ने निर्णय गरेको हो ।

बुडापेस्टको दक्षिणमा रहेको उक्त केन्द्रले सामान्य अवस्थामा हंगेरीको करिब एकतिहाइ विद्युत् माग पूरा गर्दै आएको छ । केन्द्रका उपकरण चिस्याउन डच्यान्युब नदीको पानी प्रयोग गरिन्छ । तर मे महिनादेखि वर्षाको कमी र निरन्तरको उच्च तापक्रमका कारण नदीको जलस्तर अत्यधिक घटेको छ ।

प्रधानमन्त्री म्याग्यारले सामाजिक सञ्जाल 'एक्स' मा डच्यान्युबको पानीको सतह थप घटेकाले पाक्स केन्द्रका बाँकी दुई उत्पादन एकाइमध्ये एउटालाई आइतबार बिहान बन्द गरिएको बताएका छन् । उनका अनुसार यससँगै केन्द्रको उत्पादन क्षमता घटेर २४० मेगावाटमा सीमित हुने छ र अर्को दिन ४४ वर्षपछि पहिलोपटक केन्द्र पूर्णरूपमा बन्द गरिएको छ ।

यसअघि केन्द्र सञ्चालकले पानीको सतह निरन्तर घटेमा आगामी साताको मध्यसम्ममा पाक्स केन्द्र पूर्णरूपमा बन्द गर्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिएका थिए । हंगेरीको राष्ट्रिय मौसम सेवा 'हंगारोमेट'ले आगामी दिनमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुग्ने अनुमान गरेको छ । बिहीबार तापक्रम ४२ डिग्री सेल्सियससम्म पुग्न सक्ने बताइएको छ, जुन यस गर्मीयामको अहिलेसम्मकै उच्च तापक्रमसँग बराबर हुने छ । *रासस/एएफपी*

# अमेरिका र इजरायलले इरानमा आक्रमण रोक्ने सहमति



**वासिङ्टन, संयुक्त राज्य अमेरिका–** संयुक्त राज्य अमेरिका र इजरायलले महिनौंदेखि चलिरहेको द्वन्द्व अन्त्य गर्ने सम्झौता छिट्टै हुनुपर्ने सर्तसहित इरानमा नयाँ आक्रमण रोक्न सहमति जनाएका छन् ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार इरानलाई 'धेरै कडा' प्रहार गर्ने धम्की दिएपछि र ऊर्जा पूर्वाधारसहित नयाँ भारी आक्रमणको विचार गरिरहेको रिपोर्ट आएपछि लडाइँ फेरि बढ्न सक्ने डर बढेको थियो । साउदी अरबका युवराजसँग कुराकानी गरेपछि र तेहरानले पनि रियाद तथा मध्यस्थकर्ता पाकिस्तान र टर्कीसँग कुरा गरेपछि अमेरिकी नेताको धारणा परिवर्तन भएको देखिन्छ ।

राष्ट्रपति ट्रम्पले भने, 'अमेरिका इरानविरुद्ध लड्न तयार छ र हतियारले सुसज्जित छ । हामीलाई इरान र अन्य मध्य पूर्वी देशहरूले कुनै पनि आक्रमण रोक्न अनुरोध गरेका र मध्यपूर्वको शान्तिका लागि आक्रमण रोक्ने सहमति भएको छ ।'

'यस अनुरोधका आधारमा विश्वको भविष्यको हित र सफल तथा समृद्ध इरानको अस्तित्वका लागि मैले आक्रमण रद्द गर्न सहमत भएको छु, तर यसका लागि छिट्टै सम्झौता हुन सक्ने सर्त राखिएको छ,' ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा पोस्ट गर्दै भनेका छन् । इरानको मेहर समाचार एजेन्सीले सैन्य अधिकारीहरूको हवाला दिँदै ट्रम्पको दाबीलाई 'नयाँ झूटमात्र' भनेको छ र इरानको सेना 'उच्च सतर्कतामा छ र कुनै पनि परिस्थितिका लागि तयार छ' भनेको छ ।

इरानी राष्ट्रिय सञ्चारमाध्यमले साउदी र इरानी विदेशमन्त्रीबीच फोनवार्ता भएको र तेहरानले पाकिस्तान तथा टर्कीसँग पनि 'क्षेत्रमा तनाव र असुरक्षा बढ्ने जोखिम' बारे कुरा गरेको बताएको छ ।

साउदी अरबको आधिकारिक प्रेस एजेन्सी (एसपिए)ले युवराज मोहम्मद बिन सलमानले ट्रम्पसँग फोनवार्ता गर्दा 'तनाव घटाउन संवादलाई प्राथमिकता दिनुपर्ने आवश्यकता र कूटनीतिक समाधानका लागि बाटो खोल्ने युद्धविराम हासिल गर्न सबै सम्भव प्रयास गर्नुपर्ने महत्त्व' मा जोड दिएको बताएको छ ।

अमेरिकी राष्ट्रपतिले सम्झौतामा 'हर्मुज जलमार्गको आवागमन पूर्णरूपमा तत्काल खोल्ने' र 'इरानको आणविक खतरा अन्त्य गर्ने' कुरा समावेश हुनुपर्छ । 'इजरायल पनि यस प्रतिबद्धतामा मसँग सामेल छ,' उनले थपे ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले तेहरानमा आक्रमण गरेपछि सुरु भएको पाँच महिनाभन्दा बढीको युद्धपछि द्वन्द्वको अन्त्य हुन सकेको छैन । हर्मुज जलमार्ग खोल्नेसहित समान सर्तसहितको अघिल्लो युद्धविराम सम्झौता असफल भएको थियो र पछिल्ला हप्ताहरूमा दुई देशबीच आक्रमण पुनः सुरु भएपछि इरानले महत्त्वपूर्ण जलमार्गमाथि आफ्नो नियन्त्रण कडा बनाएको छ ।

इरानको फार्स समाचार एजेन्सीले इरानी वार्ताकारहरू नजिकको स्रोतको हवाला दिँदै भनेको छ, 'अमेरिकाले आफ्नो शत्रुतापूर्ण कार्य जारी राखेसम्म हर्मुज बन्द रहने छ ।' शत्रुता पुनः सुरु भएपछि प्रारम्भिक युद्धविरामका बेला घटेका विश्वव्यापी तेलको मूल्य फेरि बढेको छ । यो सहमतिको आदानप्रदान अमेरिकामा मध्यावधि चुनाव हुनुभन्दा तीन महिनाअघि मात्र भइरहेको छ, जसले ट्रम्पको रिपब्लिकन पार्टीका लागि चुनौती हुन सक्छ ।

### सम्झौता गर्न उत्सुक

मध्य पूर्वका राजधानीहरूमा रहेका अमेरिकी दूतावासहरूले शनिबार आफ्ना नागरिकलाई क्षेत्रीय द्वन्द्वमा 'अप्रत्याशित वृद्धि' बाट सतर्क रहन र ती देश छोड्न तयार रहन चेतावनी दिएका थिए । इरान र अमेरिकाबीच गत महिना केही दिनको शान्तिपछि गोलीबारी पुनः सुरु भएको थियो, यद्यपि शुक्रबारदेखि आइतबारसम्म कुनै आक्रमणको रिपोर्ट आएको छैन ।

बुधबार इजिप्टको बन्दरगाहमा रहेको अमेरिकी स्वामित्वको ग्यास जहाजमा ड्रोनद्वारा भएको आक्रमणले जहाजमा आगो लागेको थियो । इजिप्टले अनुसन्धान गरिरहेको छ तर अहिलेसम्म कुनै समूहलाई आरोप लगाएको छैन ।

यसैबीच, ओमानको तट नजिकै टयांकरमा 'अज्ञात प्रक्षेप्य' ले प्रहार गरेको बेलायती समुद्रीमामिला हेर्ने निकायले शनिबार बताएको छ । युद्ध सुरु भएदेखि नै इरानले हर्मुजमार्फत नौवहनमा प्रभावकारी नियन्त्रण कायम गरेको छ र जहाजहरूलाई अनुमति लिन तथा पारवहन शुल्क तिर्न बाध्य बनाएको छ ।

समुद्री व्यापार ट्र्याकिङ फर्म केप्लरले शुक्रबार भनेको छ, 'हर्मुज जलमार्गमार्फत हुने ट्राफिक तीव्ररूपमा घटेको छ ।' साउदी अरबको तेलका लागि वैकल्पिक मार्गका रूपमा महत्त्वपूर्ण बाब एल-मन्देब जलमार्गमा यमनका इरान समर्थित हुथी विद्रोहीहरूले शनिबार यसबाट जहाजहरूसँग शुल्क उठाउने प्रयास नगरेको दाबी गरेको छ । यो साँघुरो जलमार्गले रेड सीलाई हिन्द महासागरसँग र सुएज नहरमार्फत भूमध्यसागरसँग जोड्छ । *रासस/एएफपी*

# चीनमा आकस्मिक बाढीमा परी मृत्यु हुनेको संख्या २५ पुग्यो

**बेइजिङ–** उत्तर-पश्चिम चीनमा आएको आकस्मिक बाढीमा परी मृत्यु हुनेको संख्या २५ पुगेको छ भने २३ जना घाइते भएका छन् । सरकारी सञ्चारमाध्यमले आइतबार सार्वजनिक गरेको विवरणअनुसार घटनाको एक सातापछि मृतकको संख्या अद्यावधिक गरिएको हो ।

जुलाई २६ मा दिनभरका लागि क्याम्पिङ गर्ने पर्यटकमाझ लोकप्रिय 'सुवाङशिमेन सिनिक एरिया'मा अचानक बाढी पसेको थियो । घटनापछि सुरुमा १० जनाको मृत्यु भएको र २३ जना घाइते भएको जानकारी दिइएको थियो ।

चिनियाँ समाचार संस्था सिन्ह्वाका अनुसार राष्ट्रिय विपद् रोकथाम आयोगले घटनाको अनुसन्धानको निगरानी गर्ने घोषणा गरेपछि मृतकको अद्यावधिक विवरण सार्वजनिक गरिएको हो । दक्षिणी गान्सु प्रान्तको पहाडी क्षेत्रमा रहेको सुवाङशिमेन प्राकृतिक ढुंगाका तोरण, उच्च पहाडी घाँसे मैदान र पहाडी खोलानालाका लागि परिचित पर्यटकीय क्षेत्र हो ।

सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोमा पाल र सवारीसाधन राखिएको उपत्यकाबाट तीव्र गतिमा बाढी बगिरहेको देखिएको थियो । यस गर्मीयाममा चीन चरम मौसमी घटनाबाट प्रभावित बनेको छ । जुलाई महिनामा हुबेई प्रान्तमा आएको आँधीका कारण कम्तीमा ११ जनाको मृत्यु भएको थियो ।

त्यस्तै, दक्षिणी ग्वाङसी क्षेत्रमा भारी वर्षापछि बाँध भत्किँदा छ जनाको मृत्यु भएको र एक लाख ३० हजारभन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको थियो । यसैगरी, गान्सु प्रान्तकै दाङ्चाङ काउन्टीमा गएको पहिरोमा परी जुलाईमा २१ जनाको मृत्यु भएको थियो । *रासस/एएफपी*

# क्षमताभन्दा बढी कैदी रहेको श्रीलंकाली जेलमा दंगा



**कोलम्बो–** क्षमताभन्दा बढी कैदीबन्दी रहेको एक जेलमा भएको दंगा नियन्त्रण गर्न श्रीलंकाले आइतबार सयौं सैनिक र विशेष कमान्डो परिचालन गरेको छ । घटनामा एक कैदीको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् ।

प्रहरी नायब महानिरीक्षक सञ्जिव मेदावाट्टेका अनुसार राजधानी कोलम्बोनजिकै रहेको महारा जेलमा शनिबार कैदीहरूले विभिन्न भवनमा तोडफोड गरेपछि उत्पन्न अवस्था नियन्त्रणमा लिइएको हो । 'शान्ति-व्यवस्था पुनःस्थापना गर्न र कैदीहरूलाई कोठामा फर्काउन सशस्त्र बल तथा विशेष कार्यदल (एसटिएफ) का कमान्डोको सहयोग लिइएको छ,' मेदावाट्टेले जेलबाहिर पत्रकारहरूसँग भने ।

उनका अनुसार दंगाका क्रममा कैदीहरूले जेलको भान्साघर, अस्पताल, नवनिर्मित पुनःस्थापना भवन तथा व्यावसायिक तालिम केन्द्रमा क्षति पुऱ्याएका छन् । महारा जेलमा चार हजार १०० कैदीबन्दी राखिएका थिए, जुन जेलको क्षमताभन्दा करिब चार गुणा बढी हो । श्रीलंकाका अन्य कारागारमा पनि क्षमताभन्दा बढी कैदी राख्ने समस्या रहेको अधिकारीले बताएका छन् ।

सन् २०२० को नोभेम्बरमा पनि यही जेलमा भएको दंगामा गोली चल्दा ११ कैदीको मृत्यु भएको थियो भने करिब १२० जना घाइते भएका थिए । पछिल्लो घटना सोही क्षेत्रको अर्को जेलमा भएको दंगाको करिब एक महिनापछि भएको हो । उक्त घटनामा १० सुरक्षाकर्मी र २१ कैदीको मृत्यु भएको थियो ।

गत महिना श्रीलंकाली अधिकारीले प्रयोगविहीन सरकारी भवनलाई जेलमा परिणत गर्ने योजना सार्वजनिक गरेका थिए । देशका जेलमा रहेका कैदीमध्ये तीन चौथाइभन्दा बढी मुद्दाको फैसला पर्खिरहेका पुर्पक्षका बन्दी रहेको र उनीहरूमध्ये अधिकांश लागुऔषधसम्बन्धी कसुरमा थुनामा रहेको बताइएको छ । *रासस/एएफपी*

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| प्रति तोला – | २८४००० | ० | ४३१० |



**निर्माणाधीन ओभरपास** | झापाको चारपाने चोकमा निर्माणाधीन एसियन हाइवेको 'ओभरपास' संरचना । ९५ किलोमिटर लामो यस काँकडभिट्टा–लौकही सडक निर्माण अपेक्षितरूपमा गति नलिएको स्थानीयको गुनासो रहेको छ । *तस्बिरः रासस*

## माथिल्लो जुनबेँसी आयोजनाको प्रसारणलाइनबारे सुझाव माग

■ प्रभाव संवाददाता

**काठमाडौं–** सोलुखुम्बुको माथिल्लो जुनबेँसी खोला जलविद्युत् आयोजनाको विद्युत् प्रसारणलाइन निर्माणका लागि आवश्यक वातावरणीय अध्ययनको सन्दर्भमा विद्युत् विकास विभागले सार्वजनिक सूचना प्रकाशित गरेको छ ।

विभागले आइतबार एक सूचनामार्फत सोलुखुम्बु जिल्लाको सोलुदूधकुण्ड नगरपालिका-२ मा निर्माणाधीन ५.५७५ मेगावाट क्षमताको माथिल्लो जुनबेँसी खोला जलविद्युत् आयोजनाको स्विचयार्डदेखि वडा नम्बर ३ मा निर्माणाधीन तल्लो दूधकुण्ड खोला जलविद्युत् आयोजनाको स्विचयार्डसम्म ८.४७ किलोमिटर ३३ केभी डबल सर्किट प्रसारणलाइन तथा त्यहाँबाट जुनबेँसी हब पुलिङ स्टेसनसम्म ४.७१ किलोमिटर १३२ केभी सिंगल सर्किट प्रसारणलाइन निर्माण गरिने जनाएको छ ।

प्रवर्द्धक कम्पनी गोर्खाज हिमालयन हाइड्रो लिमिटेडले विद्युत् नियमावली, २०५० बमोजिम प्रसारणलाइन निर्माणको अनुमति माग गरेपछि प्रारम्भिक वातावरणीय परीक्षण (आइइई) प्रतिवेदन तयार गरिएको विभागले जनाएको छ । प्रतिवेदनअनुसार आयोजना निर्माण तथा सञ्चालनबाट उल्लेखनीय प्रतिकूल वातावरणीय असर पर्न सक्ने भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित व्यक्ति वा संस्थाले लिखित राय-सुझाव दिन सक्ने छन् ।

प्रस्तावित प्रसारणलाइनको कूल लम्बाइ १३.१८ किलोमिटर रहने छ । यसका लागि ३३ केभी प्रसारणलाइनमा २०९ वटा स्टिल ट्युबुलर पोल तथा १३२ केभी प्रसारणलाइनमा दुईवटा टावर निर्माण गरिने छ । आयोजनाका लागि स्थायीरूपमा करिब ०.५ हेक्टर र अस्थायीरूपमा करिब ०.५३ हेक्टर जग्गा आवश्यक पर्ने उल्लेख गरिएको छ । प्रसारणलाइनको अधिकार क्षेत्र (राइट अफ वे) अन्तर्गत करिब ९.६६ हेक्टर जग्गा पर्ने छ ।

विभागका अनुसार ३३ केभी प्रसारणलाइनका लागि न्यूनतम ६.६२ मिटर र १३२ केभी प्रसारणलाइनका लागि १८ मिटर अधिकार क्षेत्र कायम गरिने छ । प्रसारणलाइन निर्माण तथा सञ्चालनका क्रममा विद्युत् ऐन, २०४९ र प्रचलित वातावरणीय मापदण्डअनुसार भू-क्षय, बाढी तथा वायु प्रदूषणजस्ता प्रभाव न्यूनीकरण गर्दै आयोजना कार्यान्वयन गरिने छ ।

## हुलाकी राजमार्ग निर्माण अन्तिम चरणमा

**जनकपुरधाम (प्रस)–** मधेस प्रदेशको विकासको मेरुदण्ड मानिएको हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको निर्माण अन्तिम चरणमा पुगेको छ । यस खण्डमा २४ वटा पुल निर्माण भइसकेका छन् भने ९० प्रतिशतभन्दा बढी सडक कालोपत्र भएको छ ।

यहाँस्थित हुलाकी राजमार्ग निर्देशनालयका अनुसार सिरहादेखि सर्लाहीसम्मको ४०६.४३ किलोमिटरमध्ये ३४७.६३ किलोमिटरमा कालोपत्र भएको छ । धनुषामा तीन, सर्लाहीमा सात, महोत्तरीमा तीन र सिरहामा तीन गरी १९ वटा पुल निर्माणको अन्तिम चरणमा पुगेका छन् । कालोपत्र गर्न बाँकी ५८.८ किलोमिटर सडकमध्ये १२.८ किलोमिटर सडकको ठेक्का प्रक्रिया प्रारम्भ भएको छ ।

चालु आर्थिक वर्षमा परियोजना पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको कार्यालय प्रमुख कृष्णकुमार महतोले बताए । सिरहामा २९.९८, महोत्तरीमा ९१.५६, सर्लाहीमा १५१.५१ किलोमिटर निर्माण भएको छ । निर्माण सम्पन्न भएपछि पूर्व-पश्चिम हुलाकी राजमार्ग एक हजार ७९२ किलोमिटर लामो हुने छ ।

## काँकडभिट्टाबाट एक वर्षमा २४ अर्ब ५० करोड बराबरको पेट्रोलियम पदार्थ आयात

**भद्रपुर (झापा)–** काँकडभिट्टाबाट गत आर्थिक वर्षमा २४ अर्ब ५० करोड ६७ लाख ४४ हजार रूपैयाँबराबरको पेट्रोलियम पदार्थ आयात भएको छ ।

उक्त अवधिमा पेट्रोल, डिजेल र 'लिक्विफाइड पेट्रोलियम ग्यास' (एलपिजी) गरी तीन प्रकारका पेट्रोलियम पदार्थ आयात भएको हो । काँकडभिट्टा भन्सार कार्यालयका अनुसार १२ अर्ब १८ करोड सात लाख ६४ हजार रूपैयाँबराबरको पेट्रोल आयात भएको छ भने डिजेल नौ अर्ब ५५ करोड ४९ लाख सात हजार रूपैयाँ र एलपिजी दुई अर्ब ७७ करोड १० लाख ७३ हजार रूपैयाँबराबरको आयात भएको छ ।

आर्थिक वर्ष २०८१/८२ मा पेट्रोल आठ अर्ब ९२ करोड ८५ लाख २६ हजार रूपैयाँ र डिजेल सात अर्ब तीन करोड ३२ लाख १९ हजार रूपैयाँबराबरको आयात भएको थियो ।

उक्त कार्यालयका प्रमुख शिवलाल न्यौपानेका अनुसार पेट्रोलियम पदार्थ आयात गरी गत आवमा पेट्रोलबाट पाँच अर्ब ८५ करोड ३७ लाख ५० हजार रूपैयाँ र डिजेलबाट दुई अर्ब ९३ करोड २२ लाख ३९ हजार रूपैयाँ राजस्व संकलन भएको छ । *रासस*

## 'पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्नुपर्छ'

**गण्डकी–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्न सरकारले सडक सञ्जालको स्तरोन्नति, पर्यटन पूर्वाधार निर्माण र अन्तर्राष्ट्रिय बजारसँगको पहुँच विस्तारलाई प्राथमिकताका साथ अगाडि बढाएको बताएका छन् ।

पोखराको पर्यटन प्रवर्द्धन तथा पर्यटन पूर्वाधार विकासका विषयमा पोखरा महानगरपालिकाद्वारा आइतबार यहाँ आयोजित छलफलमा उनले पोखरासँग जोडिएका प्रमुख सडक सञ्जालको सुधार गर्दै पर्यटकको सहज आवागमन सुनिश्चित गरिने बताए । पोखरालाई अन्तर्राष्ट्रिय हवाई सञ्जालसँग जोड्न मन्त्रालयले विशेष पहल गरिरहेको मन्त्री पौडेलले बताए । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको प्रभावकारी उपयोगका लागि नियमित अन्तरदेशीय उडान हुनुपर्ने उनको भनाइ छ ।

मन्त्री पौडेलले पोखरा तालतलैया र नदीनालाको सहर भएकाले जलसम्पदामा आधारित पर्यटकीय गतिविधि सञ्चालन गर्नुपर्नेमा जोड दिए । उनले पोखरामा स्वामीनारायण र ऋषि वात्सायनको मन्दिर निर्माणका लागि सरकारले बजेट सुनिश्चित गरिसकेको बताए । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले विकास साझेदारहरूसँगको सहकार्यमा केही महत्त्वपूर्ण पर्यटन पूर्वाधार निर्माण सम्पन्न भइसकेका जनाउँदै दीर्घकालीन महत्त्वका अन्य पूर्वाधारहरू निर्माणको क्रममा रहेका बताए । पोखरालाई पर्यटकीय राजधानी घोषणा गरिएपछि पर्यटन क्षेत्रलाई थप सुदृढ बनाउन विभिन्न गतिविधि सञ्चालन गरिएको उनको भनाइ छ ।

'प्राकृतिक, सांस्कृतिक तथा साहसिक पर्यटनको विकासमार्फत पोखरालाई अन्तर्राष्ट्रिय पर्यटन केन्द्रका रूपमा स्थापित गर्ने लक्ष्यसहित महानगर निरन्तर क्रियाशील रहेको छ,' प्रमुख आचार्यले भने । कार्यक्रममा पर्यटन क्षेत्रको दिगो विकास, पूर्वाधार विस्तार, हवाई पहुँच अभिवृद्धि तथा संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा छलफल गरिएको थियो । छलफलमा पर्यटन मन्त्रालयका सचिव मुकुन्दप्रसाद निरौला, पर्यटन विभागका महानिर्देशक रामकृष्ण लामिछाने, कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलगायतको सहभागिता थियो । *रासस*

# सेनाको व्यवस्थापनमा ३२ सडक आयोजना सम्पन्न, बन्यो १४ सय किलोमिटर सडक

**काठमाडौं–** नेपाली सेनाले जटिल भूबनोट भएका ३२ सडक आयोजना सम्पन्न गरी एक हजार ४११.५४ किलोमिटर सडक निर्माण गरेको छ । सेनाको व्यवस्थापनमा हालसम्म कान्ति लोकमार्ग, कर्णाली राजमार्ग, जाजरकोट-डोल्पा, बेँसीसहर-चामे, कालीगण्डकी करिडोर, कर्णाली करिडोरलगायत आयोजना सम्पन्न भइसकेका छन् ।

सरकारले दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने क्रममा कठिन भौगोलिक बनावट, कडा चट्टानयुक्त भिर तथा निर्माण गर्न कठिन मानिएका सडकखण्डको जिम्मा सेनालाई प्रदान गर्दै आएको छ । सैनिक प्रवक्ता एवं सहायक रथी राजाराम बस्नेत सीमित स्रोतसाधन, प्रतिकूल मौसम तथा जटिल भूबनोवटको बाबजुद सेनाले यस्ता राष्ट्रिय गौरव तथा प्राथमिकताका सडक आयोजना सफलतापूर्वक कार्यान्वयन गर्नुका साथै वार्षिक 'माइलस्टोन' सतप्रतिशत पूरा गर्दै राष्ट्र निर्माणमा उल्लेखनीय योगदान पुऱ्याइरहेको बताउँछन् ।

पूर्वी नेपालको रणनीतिक महत्त्वको खाँदबारी-किमाथांका (च्याम्तांग-घोंघप्पा) सडक आयोजनाअन्तर्गत सेनाले १०.५१ किलोमिटर सडक निर्माण सम्पन्न गरी गत वैशाख २८ गते सडक विभागलाई हस्तान्तरण गरेको छ । यस आयोजनाले किमाथांका क्षेत्रमा स्थानीय विकास तथा भविष्यमा व्यापारिक गतिविधि प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ ।

हाल सेनाले मुख्यगरी कर्णाली करिडोर, दार्चुला-टिंकर र बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ गरी तीन सडकमार्ग निर्माण गरिरहेको छ । महाकाली करिडोरअन्तर्गत दार्चुला-टिंकर (तुषारपानी-टिंकर) सडक आयोजना क्षेत्रमा ७९ किलोमिटर सडक निर्माणको कार्य हुँदै आएको छ ।



अत्यन्त कठिन हिमाली भूभाग, कडा चट्टानयुक्त भिर तथा प्रतिकूल मौसमका बाबजुद १९.८० किलोमिटर सडक निर्माण गरी आर्थिक वर्ष २०८२/८३ को सतप्रतिशत कार्य सम्पन्न भएको सेनाले जनाएको छ । हालसम्म उक्त आयोजनाको भौतिक प्रगति २५.०६ प्रतिशत छ ।

बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ सडक आयोजनाले मनास्लु संरक्षण क्षेत्रभित्र पर्ने ९२ किलोमिटर जिम्मेवारी क्षेत्रमध्ये हावाडाँडा-दोभान सडक खण्ड (१८ किलोमिटर) निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकेको छ । आव २०८२/८३ सम्म सो आयोजनाको ४०.८ किलोमिटर (४४.३५ प्रतिशत) भौतिक प्रगति हासिल भएको छ ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कर्णाली करिडोर सेनाले निर्माण गरिरहेको प्रमुख सडक आयोजना हो । हुम्लाको हिल्सादेखि बाँकेको जमुनाहासम्म फैलिएको ६८२ किलोमिटर लामो सो करिडोरअन्तर्गत लालीबगर-दुल्लिकुन्ना तथा घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला गरी २२.०५ किलोमिटर सडक सेनाले निर्माण गर्दै आएको छ ।

लालीबगर-दुल्लिकुन्ना खण्डको ट्र्याक निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिसकिएको छ । घाटपारीचौर-बद्रीगाउँ-भुक्काखोला खण्डमा निर्माण जारी छ । आव २०८२/८३ सम्म १९ किलोमिटर सडक निर्माण गरी शतप्रतिशत कार्य सम्पन्न गरेको छ ।

समग्रमा हालसम्म उक्त आयोजनाको भौतिक प्रगति ८६.१७ प्रतिशत हासिल भएको छ । कर्णाली करिडोरले राष्ट्रिय सडक सञ्जालसँग हुम्लालाई जोड्नका लागि नेपाली सेनाले हिल्सा-सिमकोट सडकखण्डको खार्पुनाथ गाउँपालिका-५ स्थित चुवाखोलामा गत आसार २२ गते बेलिब्रिज जडान गरेको थियो । त्यसबाट कर्णालीको हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्दै राष्ट्रको आर्थिक तथा सामरिक महत्त्वलाई थप सुदृढ बनाउने अपेक्षा गरिएको सेनाले जनाएको छ ।

संविधानप्रदत्त जिम्मेवारी निर्वाह गर्ने सिलसिलामा सेनाले राष्ट्रिय गौरव तथा प्राथमिकता र दुर्गम स्थानलाई सडक सञ्जालसँग जोड्ने आयोजनामा नयाँ ट्र्याक निर्माण, ट्र्याक स्तरोन्नति, आवश्यक पूर्वाधार निर्माण तथा सम्बन्धित निकायलाई हस्तान्तरणसम्मका कार्य निर्धारित मापदण्डअनुसार सञ्चालन गर्दै आएको छ ।

ती आयोजनाको मूल उद्देश्य दुर्गम तथा रणनीतिक महत्त्वका सडकखण्ड निर्माण गरी राष्ट्रिय सडक सञ्जाल विस्तार गर्नु तथा सामाजिक, आर्थिक विकास र राष्ट्रिय सुरक्षालाई दीर्घकालीनरूपमा सुदृढ बनाउनु हो । दुर्गम क्षेत्रलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्नुका साथै आर्थिक, सामाजिक, सामरिक तथा रणनीतिक दृष्टिले राष्ट्रलाई दीर्घकालीन लाभ पुऱ्याएको सेनाले जनाएको छ ।

उपलब्ध स्रोतसाधनको उच्चतम् उपयोग गर्दै कठिन र चुनौतीपूर्ण भूभागमासमेत विकास निर्माणको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी राष्ट्रले सुम्पेको अभिभारा निर्वाह गर्दै आएको सेनाले जनाएको छ ।

विशेषगरी सामरिक महत्त्वका सडकले हिमाली, पहाडी र तराई क्षेत्रलाई जोड्नुका साथै पहुँच विस्तार गरी व्यापार, पर्यटन, विपद् व्यवस्थापन तथा स्थानीय आर्थिक गतिविधिलाई प्रवर्द्धन गर्ने आधार तयार गर्ने सेनाको विश्वास छ । नेपालको दिगो आर्थिक विकास, पहुँच विस्तार तथा राष्ट्रिय सुरक्षालाई सुदृढ बनाउने आधारभूत पूर्वाधारमध्ये सडक सञ्जालको विशेष महत्त्व रहेको छ । *रासस*

जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ